# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक २९७ | काठमाडौं | आइतबार, १४ फागुन २०७९ | Prabhab National Daily | Sunday, February 26, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## राप्रपा सरकारबाट बाहिरियो

**काठमाडौं (प्रस)–** राष्ट्रपति निर्वाचनमा राजनीतिक समीकरण बदलिएपछि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सरकारबाट बाहिरिएको छ । सरकारमा सहभागी राष्ट्रिय प्रजातन्त्र पार्टीका मन्त्रीहरूले शनिबार राजीनामा दिएका छन् । प्रधानमन्त्रीनिवास बालुवाटारमा पुगेर उनीहरूले प्रधानमन्त्री पुष्पकमल दाहालसमक्ष राजीनामा बुझाएका हुन् ।

राप्रपाका तर्फबाट सरकारमा सहभागी उपप्रधान तथा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री राजेन्द्र लिङ्देन, सहरी विकासमन्त्री विक्रम पाण्डे, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री ध्रुवबहादुर प्रधान र ऊर्जा राज्यमन्त्री दीपकबहादुर सिंहले राजीनामा दिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । (बाँकी पृष्ठ २ मा)

## गठबन्धनलाई निरन्तरता दिन्छौं : एमाले

**काठमाडौं (प्रस)–** नेकपा एमालेले राष्ट्रपतिको निर्वाचनसम्मका लागि अहिलेकै सत्ता गठबन्धनलाई निरन्तरता दिने निर्णय गरेको छ । ललितपुरको च्यासलस्थित एमाले केन्द्रीय कार्यालयमा बसेको १७औं सचिवालय बैठकले राष्ट्रपतिको निर्वाचन आगामी फागुन २५ गते भएकाले उक्त समयसम्म अहिलेकै सत्ता गठबन्धनलाई निरन्तरता दिने निर्णय गरेको एमाले प्रचार विभाग प्रमुख पृथ्वी सुब्बा गुरुङले जानकारी दिए ।

'यही फागुन २५ गतेसम्म राष्ट्रपति चयनको मिति तोकिएकाले त्यो बेलासम्म यही गठबन्धनलाई निरन्तरता दिन्छौं,' उनले भने, (बाँकी पृष्ठ २ मा)

# राष्ट्रपतिमा दुई पूर्वसभामुखको भिडन्त



राष्ट्रिय सहमति मेरो हकमा पनि हुनसक्छ

राष्ट्रपति राष्ट्रको साझा पद बनाउन ओलीजीले योगदान गर्नुहोला भन्ने अपेक्षा गरेको छु

**रामचन्द्र पौडेल**

**जन्म** : २००१ असोज २९

**जन्मस्थान** : बाहुनपोखरा, तनहुँ

**पञ्चायती शासनविरुद्धको आन्दोलनमा जेल** : २०१८

**अनुभव** :
प्रतिनिधिसभा सदस्य २०४८, २०५१, २०५६, २०६४, २०७० र २०७९

**प्रतिनिधिसभा सभामुख** : २०५१

**मन्त्री** : स्थानीय विकास, कृषि तथा सहकारी, गृह, सञ्चार, जलस्रोत, शिक्षा, शान्ति तथा पुनःनिर्माण मन्त्रालय तथा पटक-पटक उपप्रधानमन्त्री

**कांग्रेस वरिष्ठ नेता** : २०७८

**सुवासचन्द्र नेम्बाङ**

**जन्म** : २००९ फागुन २८

**जन्मस्थान** : सुन्तलाबारी इलाम

**अनुभव** : कानुनका पूर्वप्राध्यापक, वकिल, नेपाल एसोसिएसनका पूर्वमहासचिव

**राजनीतिक यात्रा** : २०२८ सालदेखि

**राजकाज मुद्दामा जेल** : २०३३

**राष्ट्रियसभा सदस्य** : २०४८ र २०५२

**प्रतिनिधिसभा सदस्य** : २०५६

**लेखा समिति सभापति** : २०५६

**पुनःस्थापित प्रतिनिधिसभाको सभामुख** : २०६३

**संविधानसभा सदस्य तथा संविधानसभाको अध्यक्ष** : २०६४ र २०७०

**प्रतिनिधिसभा सदस्य** : २०७४ र २०७९

**पूर्वमन्त्री** : कानुन न्याय तथा संसदीय मामिला

**एमाले उपाध्यक्ष** : २०७८ देखि

■ **जेबी योञ्जन**

**काठमाडौं–** दुई जना पूर्वसभामुख गणतन्त्र नेपालको तेस्रो राष्ट्रपति बन्ने प्रतिस्पर्धामा उत्रिएका छन् । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल र नेकपा एमालेका उपाध्यक्ष सुवासचन्द्र नेम्बाङ प्रतिस्पर्धी भएका हुन् ।

दुवैले शनिबार अपराह्न संघीय संसद् भवन बानेश्वरमा पुगेर राष्ट्रपति पदमा उम्मेदवारी दर्ता गराए । पौडेललाई उनको दल कांग्रेससहित नेकपा माओवादी केन्द्र, जनता समाजवादी पार्टी (जसपा), नेकपा एकीकृत समाजवादी, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), नागरिक उन्मुक्ति पार्टी (नाउपा) र राष्ट्रिय जनमोर्चाको समर्थन छ । नेम्बाङलाई भने हालसम्म उनको दल एमालेको मात्रै समर्थन छ ।

नेम्बाङको उम्मेदवारी दर्ता गराउन पार्टी अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीसहितका पार्टीका नेताहरू संसद् भवन गएका थिए । उता पौडेलको उम्मेदवारी दर्ता गराउन भने प्रधानमन्त्री तथा माओवादी अध्यक्ष पुष्पकमल दाहाल, कांग्रेस सभापति शेरबहादुर देउवा, जसपाका संघीय अध्यक्ष अशोककुमार राई, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनमत पार्टीका उपाध्यक्ष अब्दुल खान, लोसपा अध्यक्ष महन्थ ठाकुर, नाउपा अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरी र जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी संसद् भवन पुगेका थिए ।

उम्मेदवारी दर्तापछि पत्रकारहरूसँग कुराकानी गर्दै एमालेका राष्ट्रपति उम्मेदवार नेम्बाङले आफ्नै नाममा पनि राष्ट्रिय सहमति जुट्न सक्ने बताए । 'हिजो संविधानसभामा ३१ दलको सर्वसम्मत अध्यक्ष भएर संविधान जारी गर्न भूमिका खेलें । त्यही संविधानको संरक्षक हुने अवसरका लागि हिँडेको छु,' उनले भने, 'राष्ट्रिय सहमति मेरो हकमा पनि हुनसक्छ ।'

राष्ट्रपतिमा राष्ट्रिय सहमति हुने विश्वासकै आधारमा उम्मेदवारी दिएको उनले बताए । निर्वाचनमा प्रतिस्पर्धा हुँदाको परिणामलाई स्वीकार्ने पनि उनको भनाइ छ । राष्ट्रपतिमा उनको प्रस्तावक अध्यक्ष ओली, उपमहासचिव पृथ्वी सुब्बा गुरुङ तथा सचिवद्वय गोकर्ण विष्ट र छविलाल विश्वकर्मा रहेका छन् । समर्थकमा योगेशकुमार भट्टराई, टोपबहादुर रायमाझी, जुलीकुमारी महतो, दिलकुमारी थापा (रावल) र अमनकुमार मास्के रहेका छन् ।

समर्थकमध्येका भट्टराईले आफ्ना दलका राष्ट्रपति उम्मेदवार नेम्बाङले निर्वाचन जित्ने ठोकुवा गरे । उनले सामाजिक सञ्जाल फेसबुकमा लेखेका छन्, 'सुवास नेम्बाङ राष्ट्रपति उम्मेदवार । बधाई छ सुवास दाइ, जितिन्छ ।'

राष्ट्रपतिका अर्का प्रतिस्पर्धी पौडेलले भने उम्मेदवारी दर्तापछि नेम्बाङको दल एमालेले पनि निर्वाचनमा आफूलाई सर्वसम्मतरूपमा राष्ट्रपतिमा निर्वाचित हुन साथ दिने अपेक्षा रहेको बताए । 'एमाले अध्यक्ष केपीजी पनि म सँगै जेल बस्नुभएको हो । उहाँ मेरो पुरानो साथी हो,' उनले पत्रकारहरूसँग उम्मेदवारी दर्तापछि भने, 'यो पदलाई राष्ट्रको साझा पद बनाउन उहाँले योगदान गर्नुहोला भन्ने अपेक्षा गरेको छु ।'

संविधानको अक्षर र भावनाको अक्षरशः पालना गर्न संरक्षकको हैसियतले भूमिका निर्वाह गर्ने पनि पौडेलले बताए । 'देशमा भएको परिवर्तनको रक्षा (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

# संघको पहलमा सुल्झियो साउदी समस्या

संघ र साउदी अरेबियाको नेपालस्थित दूतावासबीच भएको छलफलपछि कामदारको डिमाण्ड ल्याउने म्यानपावर व्यवसायीको साउदी आइडी नवीकरणका लागि सहजीकरण गर्ने सहमति

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीका लागि साउदी अरेबियाबाट कामदारको माग (डिमाण्ड) ल्याउने म्यानपावर व्यवसायीको समस्या समाधान हुने भएको छ । सक्रियरूपमा काम गरिरहेका तथा साउदी आइडी अध्यावधिक गर्न छुटाएका व्यवसायीहरूले डिमाण्ड ल्याउन नपाउने भएपछि नेपाल वैदेशिक रोजगार व्यवसायी संघको पहलमा समस्या समाधानको पहल भएको हो ।

संघ र साउदी अरेबियाको नेपालस्थित दूतावासबीच भएको छलफलपछि कामदारको डिमाण्ड ल्याउने म्यानपावर व्यवसायीको साउदी आइडी नवीकरणका लागि सहजीकरण गर्न सहमत भएको संघका महासचिव मेघराज भुर्तेलले जानकारी दिए । उनका अनुसार साउदी दूतावासले आफ्नो मुलुकमा कामदार पठाउने वैदेशिक रोजगार व्यवसायीलाई सहजीकरण गर्नुका साथै आइडी नवीकरण गरी सेवा प्रवाहमा सहयोग पुऱ्याउने प्रतिबद्धता जनाएको छ ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा गएको टोली र दूतावासका कन्सुलरबीच डिमाण्ड ल्याएका नेपाली कामदारको भिसा जारी गर्ने प्रक्रियामा देखिएको समस्याबारे बिहीबार झण्डै दुई घण्टा छलफल भएको संघले जनाएको छ । संघले दूतावाससँग भएको छलफलमा अध्यक्ष भण्डारीसहित महासचिव भुर्तेल, संघको साउदी मामिला प्रमुख कार्यसमिति सदस्य वैकुण्ठप्रसाद पौडेल र अरबी भाषा अनुवादक व्यवसायी अख्तर हुसेन सहभागी भएको जनाएको छ । छलफलपश्चात् आगामी २७ फेब्रुअरी २०२३ देखि भिसा समिसनको लागि आ-आफ्नो पालोमा आइडी कपी र डिमाण्ड सेट लिएर साउदी दूतावासमा आवेदन दिनसक्ने निर्णय गरिएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

त्यस्तै उक्त मितिदेखि दूतावासले 'इन्जाजित सिस्टम' सक्रिय गरिदिनुका साथै स्तरोन्नतिका लागि कागजात नबुझाएका व्यवसायीहरूले आगामी भोलि सोमबारदेखि २१ दिनभित्रमा मागअनुसार छुटेका कागजात बुझाउनुपर्ने निर्णय भएको बताइएको छ । सोही निर्णयका आधारमा व्यावसायिक सहजताका लागि दूतावासको मागअनुसार छुट भएका कागजात बुझाउन र कार्यसम्पादन गर्न व्यवसायीहरूलाई संघले आग्रह गरेको छ ।

यसअघि वैदेशिक रोजगारीका लागि इजाजतपत्र प्राप्त अधिकांश म्यानपावरले साउदीमा नेपाली कामदार पठाउँदै आए पनि झण्डै २०० व्यवसायीले दूतावासले तोकेबमोजिम कागजात र अन्य विवरण पेस नगरेको भन्दै कामदार पठाउन पाउने प्रक्रियाबाट बाहिर राखेको थियो । म्यानपावर कम्पनीको विवरण अध्यावधिक गर्न दूतावासको कन्सुलर विभागबाट प्रमाणित कागजात र कार्यालयको गुगल म्यापसहितको विवरण माग भएको थियो । जसका कारण तोकिएका समयावधिमा विवरण बुझाउन छुटेका म्यानपावर कम्पनीहरूलाई आइडी नवीकरण नहुँदा काम गर्न समस्या परेको थियो ।

# म्यानपावरलाई 'आइरिस'मा सूचीकृत हुन आग्रह

**नेपालगञ्ज–** वैदेशिक रोजगारीका लागि स्थापना भएका कम्पनी (म्यानपावर)लाई अन्तर्राष्ट्रिय नैतिक भर्ना प्रणाली (आइरिस)मा सूचीकृत हुन आग्रह गरिएको छ । उक्त प्रणालीमा सूचीकृत नहुँदा वैदेशिक रोजगारमा रहेका कामदारले अनेकौं जोखिम लिनुपर्ने भएकाले सन् २०२५ सम्ममा नेपालमा रहेका सबै वैदेशिक रोजगार कम्पनीलाई सो प्रणालीमा अनिवार्य सूचीकृत हुन आग्रह गरिएको हो ।

नागरिक समाजसम्बद्ध विभिन्न संस्था र स्थानीय सरोकार भएका संस्थासँग यहाँ भएको दुई दिने छलफलमा यस प्रणालीले वैदेशिक रोजगारमा संलग्न हुने कामदारको अधिकार सुरक्षित हुने हुँदा त्यसबाट कामदारले लाभ लिनसक्ने कुरामा जोड दिए । अन्तर्राष्ट्रिय आप्रवासन संगठन (आइएमओ) नेपालका श्रम आप्रवासन र मानव विकास विभागका प्रमुख प्रज्ज्वल शर्माले वैदेशिक रोजगारीमा गएका कामदार सुरक्षित नभएकाले जोखिम मोलेर काम गरिरहेको बताए । उनले आइरिसका विश्वव्यापी विभिन्न सातबुँदे सिद्धान्तलाई अक्षरशः पालना गर्न आग्रह गर्दै यसले कामदारको अधिकारलाई सुनिश्चित गर्ने बताए ।

'कामदारसँग वैदेशिक रोजगार कम्पनीले जथाभावी शुल्क लिनै पाउँदैनन्,' उनले भने । यो प्रणालीलाई नेपालमा लागू गर्नका लागि सन् २००६ बाट विभिन्न काम भएको र सन् २०२५ सम्ममा सबै वैदेशिक रोजगार कम्पनीलाई यसमा सूचीकृत हुनुपर्ने प्रावधान रहेको छ । आइरिस प्रमाणीकरणको काम सन् २०१८ बाट केही खास मुलुकमा सुरु भएको बताइएको छ ।

वैदेशिक रोजगारीमा रहेकाको अधिकारलाई प्रवर्द्धन गर्न यो मापदण्ड आएको हो । महेन्द्र बहुमुखी क्याम्पसका उपप्राध्यापक रेशम चापागाईले वैदेशिक रोजगारीमा रहेकाको पक्षमा यो भर्ना प्रणालीले वकालत गरेको उल्लेख गर्दै पारदर्शिता र जवाफदेही बनाउन रोजगारदाता र रोजगार व्यवसायीलाई सहयोग पुग्ने विश्वास व्यक्त गरे । आइरिस सिद्धान्तमा आप्रवासी कामदारबाट भर्ना शुल्क तथा सोसम्बन्धी लागत उठाउन रोक, हिँडडुलको स्वतन्त्रता, रोजगारीका सेवा तथा सर्तमा पारदर्शिता, गोपनीयता तथा विवरण (डेटा)को सुरक्षा, समाधानका उपायमा पहुँच, नैतिक तथा व्यावसायिक संहिताको सम्मान, कानुन तथा कामको आधारभूत सिद्धान्त र अधिकार उल्लेख भएको छ । महिला अधिकारकर्मी जया भण्डारीले यो सिद्धान्त पालना भए मात्रै पनि वैदेशिक रोजगारीमा गएकाले सास्ती नपाउने तर्क गरिन् । श्रमिक भर्नामा आचार विधि प्रवर्द्धन गर्न खडा गरिएको विश्वव्यापी प्रयत्नलाई आइरिस मानिएको छ । *रासस*

# यसरी हुँदै छ राष्ट्रपतिको निर्वाचन

फागुन २५ गते १० देखि ३ बजेसम्म मतदानको समय तोकिएको छ । मतदान सम्पन्न भएलगत्तै मतगणना प्रारम्भ हुने र साँझ ७ बजेभित्रै मतपरिणाम सार्वजनिक गर्ने गरी तयारी गरिएको निर्वाचन आयोगले जनाएको छ ।

■ **नारायण न्यौपाने/अशोक घिमिरे**

**काठमाडौं–** मुलुकको राष्ट्राध्यक्षका रूपमा रहेको राष्ट्रपति पदको निर्वाचन यही फागुन २५ गते हुँदै छ । शनिबार राष्ट्रपति उम्मेदवारको मनोयन दर्ता भएको छ । राष्ट्रपतिका लागि नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल र नेकपा एमालेका उपाध्यक्ष सुवास नेम्बाङको उम्मेदवारी परेको छ । पौडेललाई नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी पार्टी, जनता समाजवादी पार्टी, राष्ट्रिय जनमोर्चा, लोकतान्त्रिक समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टीले समर्थन गरेका छन् ।

फागुन २५ गते १० देखि ३ बजेसम्म मतदानको समय तोकिएको छ । मतदान सम्पन्न भएलगत्तै मतगणना प्रारम्भ हुने र साँझ ७ बजेभित्रै मतपरिणाम सार्वजनिक गर्ने गरी तयारी गरिएको निर्वाचन आयोगले जनाएको छ । निर्वाचन अधिकृतको कार्यालय रहेको परिसरभित्रै मतदान केन्द्र रहनेछ ।

नेपालको संविधानमा एक राष्ट्रपति रहने र राष्ट्रपतिले राष्ट्रिय एकताको प्रवर्द्धन गर्ने उल्लेख छ । संविधानको पालना र संरक्षण गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ । मुलुकमा २०६२/६३ को आन्दोलनको उपलब्धिका रूपमा गणतन्त्र स्थापना भएसँगै राष्ट्रपतीय प्रणालीको अभ्यास हुँदै आएको छ । नेपालको संविधानको धारा ६२ मा राष्ट्रपतिको निर्वाचनसम्बन्धी व्यवस्था गरिएको छ । राष्ट्रपतिको निर्वाचन संघीय संसद् (प्रतिनिधिसभा र राष्ट्रिय सभा) र प्रदेशसभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डलबाट हुनेछ ।

राष्ट्रपति निर्वाचनमा मतदाताको संख्या संघीय संसद्को ३३२ र सातै प्रदेशका प्रदेशसभा सदस्य ५५० गरी कूल ८८२ कायम छ । तर, शनिबार प्रतिनिधिसभा सदस्य सहनाज रहमानको निधन भएका कारण संघीय संसद्को मतदाता संख्या ३३१ कायम हुने भएको छ । त्यसैले अब कूल मतदाता संख्या ८८१ हुनेछ ।

राष्ट्रपति निर्वाचनका लागि संघीय संसद् सदस्य र प्रदेशसभा सदस्यका लागि छुट्टाछुट्टै मतदान केन्द्र हुनेछ । संघीय संसद् र प्रदेशसभा सदस्यको मतभार फरक हुने भएकाले सो व्यवस्था गरिएको हो । संविधानको धारा ६२(१) मा संघीय संसद्का सदस्य र प्रदेशसभा सदस्यको मतभार संघीय कानुनबमोजिम फरक-फरक हुने उल्लेख छ । संघीय सांसदको मतभार ७९ र प्रदेशसभा सदस्यको मतभार ४८ छ । कूल जनसंख्या (पछिल्लो राष्ट्रिय जनगणनाअनुसार) लाई संघीय संसद्का सदस्यको कूल संख्याले भाग गरेर आएको भागफललाई फेरि एक हजारले भाग गरेर संघीय संसद्का सदस्यको मतभार निकालिन्छ ।

कूल जनसंख्या (पछिल्लो राष्ट्रिय जनगणनाअनुसार) लाई प्रदेशसभा सदस्यको कूल संख्याले भाग गरेर आएको भागफललाई फेरि एक हजारले भाग गरेर प्रदेशसभाका सदस्यको मतभार निकालिन्छ ।

राष्ट्रपतिको उम्मेदवार बन्न पाँच/पाँच जना प्रस्तावक र समर्थक हुनुपर्ने कानुनी व्यवस्था छ । निर्वाचकमण्डलको तत्काल कायम रहेको कूल मतको बहुमत प्राप्त गर्ने व्यक्ति राष्ट्रपतिमा निर्वाचित हुनेछ । त्यसरी बहुमत प्राप्त गर्न नसकेमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई उम्मेदवारबीच मतदान हुनेछ । त्यस्तो मतदानमा कूल मतको ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्ने व्यक्ति राष्ट्रपतिमा निर्वाचित हुने छन् ।

बढी मत प्राप्त गर्ने दुई उम्मेदवारबीचको मतदानबाट समेत कुनै उम्मेदवारले कूल मतको ५० प्रतिशतभन्दा बढी मत प्राप्त गर्न नसकेमा पुनःमतदान हुनेछ । त्यस्तो मतदानमा खसेको कूल सदर मतको बढी मत प्राप्त गर्ने उम्मेदवार राष्ट्रपतिमा निर्वाचित हुनेछ ।

संविधानको धारा ६२ को उपधारा (६) मा निर्वाचन, मनोनयन वा नियुक्त हुने राजनीतिक पदमा बहाल रहेको व्यक्ति राष्ट्रपति निर्वाचित भएमा निजको त्यस्तो पद रिक्त हुने व्यवस्था छ । संघीय संसद्का सदस्यको कूल मतभार २६ हजार १४९ र प्रदेशसभा सदस्यको कूल मतभार २६ हजार ४०० हुन आउँछ । राष्ट्रपतिको पदावधि निर्वाचित भएको मितिले पाँच वर्ष हुने र दुई पटक राष्ट्रपति निर्वाचित भइसकेको व्यक्ति निर्वाचनमा पुनःउम्मेदवार हुन नसक्ने संविधानमा उल्लेख छ ।

संघीय संसद्को सदस्य हुन (बाँकी पृष्ठ २ मा)

# आगम्छे घर पुनर्निर्माण गरिने

**काठमाडौं–** हनुमान ढोकास्थित ऐतिहासिक सम्पदा आगम्छे घर पुनर्निर्माण गरिने भएको छ। २०७२ वैशाखमा गएको भूकम्पका कारण उक्त घरमा क्षति पुगेको थियो।

आगम्छे घरको पुनर्निर्माण नहुँदा मोहन चोक, सुन्दरी चोक, कालिका मन्दिर र लक्ष्मीनारायण सत्तलको काम पनि अघि बढ्न सकेको थिएन। रोकिएका काम जनसहभागिता जुटाएर अघि बढाइने काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोलले बताइन्। उनले भनिन्, 'स्थानीयकै सहभागितामा आगम्छे घरलगायतको काम तत्काल अघि बढ्छ।'

विश्वसम्पदामा सूचीकृत हनुमानढोका दरबार क्षेत्रका ३८ सम्पदाको पुनर्निर्माणर्माण सम्पन्न भइसकेको छ। २०७२ वैशाखमा गएको भूकम्पले ७५ सम्पदा क्षतिग्रस्त भएका थिए। त्यसमध्ये १४ सम्पदाको पुनर्निर्माण जारी रहेको हनुमानढोका दरबार हेरचाह अड्डाका प्रमुख सन्दीप खनालले जानकारी दिए। 'पुनर्निर्माण भइरहेका सम्पदा आगामी डेढ वर्षभित्र पूरा गर्ने लक्ष्य छ,' उनले भने।

हनुमानढोकाको दक्षिणतर्फ रहेको ऐतिहासिक नौतले दरबार, बसन्तपुर टावर, ललितपुर टावर, कीर्तिपुर टावर र भक्तपुर टावर चीन सरकारको सहयोगममा पुनर्निर्माण गरिएका छन्। काष्ठमण्डप, नाटेश्वर, पञ्चमुखी हनुमान, तारिणीदेवी मन्दिर, महादेव मन्दिर पहिलो र दोस्रो, लक्ष्मीनारायण मन्दिर, कागेश्वरी मन्दिर, नागरा वंशगोपाल, श्वेत भैरव, सिल्यान सत्तल, गद्दी बैठक, ढुकुटी चोक, तलेजु मन्दिर नजिकैको सानो मन्दिर, तलाजु टेराकोटा तोरण, प्रताप मल्लको सालिकलगायतको पुनर्निर्माण सम्पन्न भएको छ। ऐतिहासिक गद्दी बैठक अमेरिकी सरकारको सहयोगमा निर्माण सम्पन्न भई हाल सर्वसाधारणका लागि खुला गरिएको छ। कूल ४४ रोपनी क्षेत्रफलमा फैलिएको वसन्तपुर दरबार क्षेत्र सन् १९७९ मा विश्वसम्पदा सूचीमा समावेश गरिएको थियो। महानगर क्षेत्रभित्रका ठूला जात्रा तथा पर्व सञ्चालन गर्दा हनुमान ढोका दरबार क्षेत्रमा पुग्ने चलन छ। *रासस*

# जोखिमपूर्ण यात्रा गर्न बाध्य छन् यात्रु

**काठमाडौं–** सुविधायुक्त स्थल काठमाडौं उपत्यकाका यात्रु नै सार्वजनिक सवारीसाधनमा जोाखिमपूर्ण यात्रा गर्न बाध्य छन्। चालक र सहचालकको लापरबाहीका कारण यात्रु जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका हुन्। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका अनुसार यात्रुले जोखिमपूर्ण यात्रा गर्नुपरेकाले चालु आर्थिक वर्षको सुरुआतदेखि नै कारबाही अभियानलाई तीव्रता बनाइएको थियो।

चालु आर्थिक वर्षको अहिलेसम्म यसरी यात्रा गराउने २१ हजार ५०८ सवारी चालकलाई कारबाही गरिएको छ। तीमध्ये ढोका खुला राखेर सवारीसाधन गुडाउने मात्रै १५ हजार ६२९ जना चालक कारबाहीमा परेका प्रहरी वरिष्ठ उपरीक्षक राजेन्द्रप्रसाद भट्टले जानकारी दिए।

ढोका खुला राख्दा त्यहाँबाट यात्रु खस्ने जोखिम बढी हुन्छ। प्राप्त विवरणानुसार साउन महिनामा दुई हजार ६८३, भदौमा दुई हजार ८७३, असोजमा ७४९, कात्तिकमा एक हजार ८२६, मंसिरमा दुई हजार ८२६, पुसमा दुई हजार ७३४ र माघ महिनामा एक हजार ९३८ चालक कारबाहीमा परेका थिए।

ढोका खुला राख्ने धेरै भए पनि क्षमताभन्दा बढी यात्रु राखेर सवारीसाधन चलाउँदै गरेका पाँच हजार ८०२ चालकलाई पनि कारबाही गरिएको उनले बताए। त्यस्तै ७७ टेम्पो चालकलाई पनि ट्राफिक प्रहरीले कारबाही गरेको थियो। टेम्पोको पछाडि यात्रुलाई झुण्डचाएर यात्रा गराएको पाइएपछि उनीहरूलाई कारबाही गरिएको हो।

क्षमताभन्दा बढी यात्रु राख्दा सवारीसाधन अनियन्त्रित भई दुर्घटना हुने जोखिम रहने हुँदा क्षमताभन्दा बढी यात्रु नराख्न यतायात व्यवसायीलाई र सवारीसाधनमा कोचिएर तथा झुण्डिएर यात्रा नगर्न यात्रुलाई प्रवक्ता भट्टले अनुरोध गरे।

सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा १६४ मा सवारीसाधनमा बस्ने वा राख्ने मानिस तथा मालसामानको हद निर्धारण गरिएकामा सो हदभन्दा बढी राखेर सवारीसाधन चलाएमा कारबाही हुने व्यवस्था छ। *रासस*

# तेह्रथुममा आगलागीबाट १४ घर नष्ट

**तेह्रथुम (प्रस)–** तेह्रथुमको आठराई-६ चुहानडाँडामा शुक्रबार भएको आगलागीबाट हात्तीखर्कमा रहेका १४ घर जलेर पूर्णरूपमा क्षति भएको छ। आगलागीबाट स्थानीय ५० वर्षीया याङ्डोल्मा तामाङ घाइते भएकी छन्। घाइतेको थप उपचारका लागि पाँचथर सदरमुकाम फिदिम लगिएको वडाध्यक्ष कृष्ण बास्कोटाले जानकारी दिए।

तामाङ समुदायको बसोबास रहेको हात्तीखर्कमा १४ घरमध्ये नौ घरमा मानिस बस्दै आएको र पाँच घर खाली रहेको उनले बताए। आगलागीबाट नौ परिवारको ४१ जना विस्थापित भएका छन्। घरमा रहेका अन्नपात र लत्ताकपडा जलेर नष्ट भएको छ।

आगलागीबाट सोमबहादुर तामाङ, वीरधन घिसिङ, आशबहादुर घिसिङ, भीमबहादुर वाइबा, सूर्यबहादुर योञ्जन र सुरेन्द्र वाइबाको घर जलेर नष्ट भएको छ। दधिराम वाइबाको घरमा बस्दै आएका दोर्जे बल, दलबहादुर तामाङको घरमा बस्दै आएका सुवास घिसिङ र अमरबहादुर वाइबाको घरमा बस्दै आएका लामामणि तामाङको घरसँगै अन्नपात र लत्ताकपडा नष्ट भएको छ। राईबहादुर तामाङ, डिकमान तामाङ, शंखर योञ्जन, जसबहादुर घिसिङ र भक्तबहादुर वाइबाको खाली घर जलेर नष्ट भएको छ।

आगलागीबाट स्थानीयका गोठमा रहेका पशुचौपाया जलेर मरेका छन्। आठराईको सुक्खाग्रस्त क्षेत्रमा रहेको हात्तीखर्कमा हरेक वर्ष आगलागी हुने गरेको छ।

बस्तीमा पानीको अत्यन्तै समस्या र फुसको छाना रहेका घर भएकाले बस्ती सखाप हुँदा ठूलो क्षति भएको आठराई गाउँपालिका अध्यक्ष दिलकुमार पाहिमले बताए। तमोर नदी किनारको जंगलबाट सुरू भएको आगो बस्तीमा पसेपछि नियन्त्रणबाहिर आउँदा सो क्षति भएको हो। क्षतिको यकिन विवरण आउन बाँकी रहेको गाउँपालिका अध्यक्ष पाहिमले बताए।

## राष्ट्रपतिमा दुई...

पृष्ठ १ बाट जारी

गरेर नेपाली जनताको उन्नति अघि बढाउने, नेपाली जनताको एकतालाई थप प्रगाढ बनाउने काम गर्छु,' पौडेलले थपे, 'राष्ट्रिय अण्खडतासँगै राष्ट्रियता सबल बनाउने काममा मेरो सहयोग हुन्छ।'

पौडेलको प्रस्तावक सभापति देउवा, एकीकृत समाजवादीका अध्यक्ष नेपाल, माओवादीका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, जसपा अध्यक्ष राई र जनमतका उपाध्यक्ष अब्दुल रहेका छन्। यस्तै, समर्थकमा लोसपा अध्यक्ष ठाकुर, कांग्रेस उपसभापति पूर्णबहादुर खड्का, नाउपा अध्यक्ष श्रेष्ठ, जनमोर्चा अध्यक्ष केसी र माओवादीका प्रमुख सचेतक हितराज पाण्डे छन्।

राष्ट्रपति निर्वाचनमा पौडेललाई प्रस्ताव र समर्थन गर्ने आठ दलको मतभार जितका लागि आवश्यकताभन्दा बढी छ। जसले गर्दा राष्ट्रपति जितका लागि उनलाई सहज हुने देखिन्छ।

पौडेललाई समर्थन गरेको एउटा दल जसपाका सांसद प्रदीप यादवले पौडेल राष्ट्रपतिमा औपचारिकरूपमा निर्वाचित भएको घोषणा हुनमात्र बाँकी रहेको बताए। २५ फागुनमा पौडेल देशको तेस्रो राष्ट्रपतिमा निर्वाचित हुने उनले दाबी गरे।

'१०० प्रतिशत उहाँले निर्वाचन जित्नुभयो। उहाँ औपचारिकरूपमा निर्वाचित भएको घोषणा हुन बाँकी हो। जितिसक्नुभयो,' यादवले प्रभावसँग भने। उनले संविधान, संघीयता, लोकतन्त्र र लोकतन्त्रको रक्षा गर्नसक्ने अग्रणी राजनीतिज्ञ नै पौडेल भएको बताए।

एकीकृत समाजवादीका उपाध्यक्ष तथा बागमतीका पूर्वमुख्यमन्त्री राजेन्द्र पाण्डेले वर्तमान राष्ट्रपतिका कारण पनि संविधान जोगाउनसक्ने नेता राष्ट्रपति हुन आवश्यक भएको र त्यसका लागि पौडेल उपयुक्त पात्र भएको बताए। उनले वर्तमान राष्ट्रपति विद्यादेवी भण्डारीलाई 'संविधान च्यात्ने राष्ट्रपति'को संज्ञा दिए। 'देखिहालियो नि उहाँ (भण्डारी)ले के-के गर्नुभयो, भन्नुपर्छ र ? उहाँ एमालेको रबरस्टचाम्प बन्नुभएन ? संविधान च्यात्नु भएन ?,' उनले भने।

१० पुसमा एमालेसहितको सात दलीय गठबन्धन बन्ने क्रममा राष्ट्रपति एमालेलाई दिन प्रधानमन्त्री दाहाल तयार थिए। २६ पुसमा संसद्मा विश्वासको मत कांग्रेसबाट पनि पाएपछि भने दाहालको बोली फेरियो। उनले भन्न थाले, 'राष्ट्रपतिमा राष्ट्रिय सहमति हुनुपर्छ।' उनको दलले पनि यही निर्णय गऱ्यो।

एमाले अध्यक्ष ओली त्यसबेलै झस्किएका थिए। दाहाललाई सिधै नभनेर ओलीले त्यसबेला कांग्रेसलाई राष्ट्रपतिका लागि ढोक्सा नथाप्न संसद् बैठकमै चेतावनी दिए। त्यसपछि दाहाल-ओलीबीच लगातार भेटवार्ता भइरहयो। तर, दाहाल एमालेलाई राष्ट्रपति दिन तयार भएनन्। बरु, राष्ट्रिय सहमतिको नाममा कांग्रेसलाई राष्ट्रपति दिन तयार भए। परिणामतः एमालेसहितको सत्ता गठबन्धन भत्काएर प्रमुख विपक्षी दल कांग्रेससहितको पुरानो सत्ता गठबन्धन ब्युँताए। संसद्का केही साना नयाँ दल पनि थपे।

यति हुँदा पनि एमाले अध्यक्ष ओली भने राष्ट्रपति एमालेकै हुने र माओवादीले सम्झौताअनुसार सहयोग गर्ने बताउँदै आएका छन्। 'ती आठ दल चिया खान भेला भएका हुन्,' शनिबार उनले भने, 'माओवादीले सम्झौताअनुसार भोट दिन्छ, हामी जित्छौं।'

ओलीले आठ दलीय गठबन्धनका एउटा घटक एकीकृत समाजवादीका अध्यक्ष नेपाललाई राष्ट्रपति निर्वाचनमा नेम्बाङलाई मत दिन पत्र शनिबारै लेखेका छन्। उनले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सहितका अन्य दलसँग पनि नेम्बाङका लागि मत माग्ने भएका छन्। राजा चाहिने भन्दै आएको दल राप्रपाले भने राष्ट्रपतिलाई अस्वीकार गर्दै निर्वाचनमा राष्ट्रपतिका कुनै उम्मेदवारको प्रस्तावक र समर्थक नबस्ने निर्णय गऱ्यो। त्यसले गर्दा राप्रपा सांसदहरूले भने राष्ट्रपति निर्वाचनमा मतदान नगर्ने सम्भावना बढेको छ।

अन्य कुन-कुन दल वा स्वतन्त्र उम्मेदवारले नेम्बाङलाई मत दिन्छन् ? टुंगो लागिसकेको छैन। निर्वाचन यही २५ फागुनमा हुँदै छ।


## गौशाला नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

गौशाला, महोत्तरी

मधेश प्रदेश,नेपाल

## बोलपत्र स्वीकृतिको आशयको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७९/११/१४ )**

यस कार्यालयद्वारा तपसिलका निर्माण कार्यको लागि बोलपत्र आव्हानको सूचना वमोजिम रित पूर्वक प्राप्त भएका सम्पुर्ण बोलपत्र मध्ये तपसिलको बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्यांकित शारभुतरूपमा प्रभावग्राही बोलपत्र भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ को उपदफा २ बमोजिम सम्पुर्ण सरोकारवालाहरूको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

तपसिल

| सि. नं. | आयोजनाको नाम | ठेक्का नं. | बोलपत्र आवहानको सूचना मिति | न्यूनतम मूल्यांकित शारभुत प्रभावग्राही बोलपत्र | कबोल रकम (VAT बाहेक) |
|---|---|---|---|---|---|
| १ | Gaushala Sikchak Mahasangh Building Construction Work | GAU/SQ/01-2079/080 | २०७९/१०/०४ | Nirmal Construction, Sonama-4 | १२,३६,९४६।१६ |

–प्रमुख प्रशासकीय अधिकृत


## यसरी हुँदै छ...

पृष्ठ १ बाट जारी

योग्य, ४५ वर्ष उमेर पूरा भएको र कुनै पनि कानुनले अयोग्य नभएको व्यक्ति राष्ट्रपतिको उम्मेदवार बन्न सक्नेछ। राष्ट्रपतिबाट सम्पादन गरिने जुनसुकै कार्य मन्त्रिपरिषद्को सिफारिश र सम्मतिबाट हुनेछ।

संविधानको धारा ७० मा राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचन फरक-फरक लिंग वा समुदायको प्रतिनिधित्व हुनेगरी गर्नुपर्ने उल्लेख छ। राष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नुअघि संघीय कानुनबमोजिम प्रधानन्यायाधीशसमक्ष पद तथा गोपनीयताको शपथ लिनुपर्नेछ।

नेपालमा राष्ट्रपतिको पहिलो निर्वाचन २०६५ साउन ४ गते भएको थियो। उक्त निर्वाचनमा तत्काल कायम संविधानसभाका ५९४ सदस्य मतदाता भएता पनि केही राजनीतिक दलले निर्वाचनमा भाग नलिएका कारण ५७८ सदस्यले मात्र मतदान गरेका थिए। उक्त निर्वाचनमा डा. रामवरण यादवले २८३ र रामराजाप्रसाद सिंहले २७० मत मत प्राप्त गरे। प्रथम चरणमा कुनै पनि उम्मेदवारले आवश्यक बहुमत प्राप्त गर्न नसकेकाले साउन ६ गते दोस्रो चरणको निर्वाचन भएको थियो।

दोस्रो चरणमा यादवले ३०८ र सिंहले २८२ मत प्राप्त गरे। यादव बहुमत प्राप्त गरी नेपालको प्रथम राष्ट्रपतिमा निर्वाचित भएका थिए। राष्ट्रपतिको पछिल्लो २०७४ मा भएको निर्वाचनमा संघीय संसद्का ३२६ र प्रदेशसभा सदस्य ५३६ जनाले मतदान गरेका थिए। उक्त निर्वाचनमा विद्यादेवी भण्डारीले ३९ हजार २७५ र कुमारीलक्ष्मी राईले ११ हजार ७३० मतभार प्राप्त गरे। पहिलो चरणमा नै बहुमत प्राप्त गरी भण्डारी राष्ट्रपति पदमा निर्वाचित भएकी थिइन्। *रासस*

## राप्रपा सरकारबाट...

पृष्ठ १ बाट जारी

राप्रपाको शनिबार बसेको केन्द्रीय कार्यसम्पादन समिति र संसदीय दलको संयुक्त बैठकले राष्ट्रपति निर्वाचनमा पछिल्लो विकसित घटनाक्रमको समीक्षा गर्दै पार्टी सरकारबाट फिर्ता हुने निर्णय गरेको थियो। उक्त पार्टीले सरकारलाई दिएको समर्थनसमेत फिर्ता लिने निर्णय गरेको छ। प्रधानमन्त्री दाहालले राजनीतिक अस्थिरता निम्त्याउने काम गरेको निष्कर्षसमेत उक्त पार्टीले निकालेको छ।

## गठबन्धनलाई...

पृष्ठ १ बाट जारी

'पुस १० गते जे सहमति भएको थियो। त्यही सहमतिअनुसार अगाडि बढ्ने निर्णय गरेका छौं।' उनले अहिले सत्तारुढ दलको गठबन्धन नटुटेकोसमेत बताए।

गत पुस १० गते नेकपा माओवादी केन्द्रसहित सत्तारुढ दलसँगको छलफलमा एमालेले राष्ट्रपति पाउने सहमति भएअनुसार नै एमालेले पार्टीका उपाध्यक्ष सुवासचन्द्र नेम्बाङलाई राष्ट्रपतिको उम्मेदवार बनाउने निर्णय प्रचार विभाग प्रमुख गुरुङको भनाइ छ। 'हामीले पुस १० गतेको सहमतिअनुसार नै हाम्रो पार्टीका तर्फबाट उपाध्यक्ष नेम्बाङलाई उम्मेदवार बनाएका छौं,' उनले भने, 'हामी पुस १० गते जे निर्णय भएको थियो। त्यसैमा जानु पर्दछ भन्ने हाम्रो जोड छ।'


## Shuklaphanta Municipality

Office of Municipal Executive

Jhalari,Kanchanpur

## Invitation for Bids for the road upgrading works

**Date of publication: 2022-11-14 (2079-12-14)**

1. **Suklaphanta Municipality** invites electronic ore-bids from eligible bidders for the following Works under National Competitive Bidding Procedures.

| Contract ID | Description | Estimated Amount (Without VAT & Contingency ) NRs | Bid Documet Fee NRs | Bid Bond Security NRs | Bid Bond Securiy Validity | Date and Time of Bid Submission | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| SMP/079-80/ NCB/RU/18 | Gravel road upgrading works in different roads of ward no 5,6,7 and 8 in Shuklaphanta Municipality | 5962313.36 | 3,000.00 | 1,85,000.00 | 120 days | 2079/12/14(2023-03-28) 12:00 PM | 2079/12/14(2023-03- 28) 1:00 PM |

2. The bids must be submitted electronically only. Eligible Bidders may obtain further Information from PPMO website:www.bolpatra.gov.np/egp.

Bidder who submit their bid electronically may download the bidding documents fromwww.bolpatra.gov.np/egpBidders, submitting their bid electronically, should deposit the cost of bidding document as stated above in the following account.

**Information to deposit the cost of bidding document in Bank:**

Name of the Bank: Everest bank ltd, jhalaari branch, jhalari, kanchanpur

Name of Office: Shuklaphanta Municipality, Jhalari ,Kanchanpur

Office Account No.: 05910106200002 (AntarikKhata)

**Bid security amount should be deposited at :**

Name of the Bank: Everest bank ltd, jhalaari, kanchanpur

Name of Office: Shuklaphanta Municipality, Jhalari ,Kanchanpur

Office Account No.: 05910106200016 (DharautiKhata)

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. All the information related to tender are according to bid document and conditions uploaded in ppmo online bid portal site bolpatra.gov.np of Shuklaphanta Municipality.





**राष्ट्रपतिको दौड** राष्ट्रपति पदका लागि नेकपा एमालेको तर्फबाट उम्मेदवारी दर्ता गर्दै सुवास नेम्वाङ, साथमा अध्यक्ष केपी शर्मा ओली (बाँया) र नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलको उम्मेदवारी दर्ता गर्न उपस्थित कांग्रेस सभापति शेरबहादुर देउवा, प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठलगायत शीर्ष नेताहरू । *तस्बिरः रासस*

# संकटमा चमेराको जीवनचक्र

विश्वमा एक हजार ४०६ प्रजातिका चमेरा पाइन्छन् । नेपालमा पछिल्लो तथ्यांकअनुसार ५५ प्रजातिका चमेरा भेटिएको छ । संसारमा ७० प्रतिशत मांसाहारी र ३० प्रतिशत साहाकारी चमेरा भेटिएका छन् । चमेरो पर्यावरण र जैविक विविधताको दृष्टिकोणले निकै नै उपयोगी जीव भएको विज्ञहरु बताउँछन् ।

■ **रामविकास चौधरी**



**लुम्बिनी–** जैविक विविधताका लागि उपयोगी चमेराको जीवनचक्र संकटमा परेको छ । यो उड्नसक्ने एकमात्र स्तनधारी प्राणी हो । मुन्टो तल पारी रुख, गुफा, घरका छाना आदि ठाउँमा झुण्डिएर रहेको देखिने चमेरो प्रजाति विस्तारै हराउँदै गएको छ ।

पृथ्वीको खाद्यचक्र, पारिस्थितिकीय प्रणाली र वातावरण सन्तुलनका लागि निकै महत्त्वपूर्ण मानिने स्तनधारी प्राणीमध्येका एक प्रजाति चमेरा लोपोन्मुख अवस्थामा पुगेकामा चमेरा संरक्षणकर्ता चिन्तित बन्न थालेका छन् । कपिलवस्तुका चमेरा संरक्षणकर्ता शम्भु सैनी भन्छन्, 'चमेरो कुकुर, बिरालो, खरायो, स्याल, बाँदर वा मान्छेजस्तै एक स्तनधारी प्राणी हो । विस्तारै यसको लोप हुँदै जाँदा जैविक विविधतामा समस्या आउन थालेको छ ।' पर्यावरणका लागि हितकर यस्ता जीव लोप भएमा अनेक समस्या आउनसक्ने उनको भनाइ छ ।

चमेरो संरक्षण समिति कपिलवस्तु नगरपालिका–३, देवानगढियाँका अध्यक्षसमेत रहेका सैनी भन्छन्, 'चमेरोले लगाएका गुन त खासै थाहा छैन । तर, चमेराले पर्यावरणीय सुरक्षा र विपद्पूर्वको संकेत अवश्य गर्छ ।' नेपालका जीव वैज्ञानिकहरू चमेरो अनुसन्धानमा नलागेका पनि होइनन् । तर प्रोत्साहन र उचित कदरको खाँचो छ । चमेरोको संरक्षणका लागि एक हेक्टर वनमा अभ्यास सुरु गरिएको उनले बताए ।

पोथी चमेरोले बच्चा जन्माउँछ, बच्चालाई दूध चुसाउँछ । चमेराको जीउमा भुत्ला हुन्छ तर प्वाँख हुँदैन । बच्चालाई गुँडमै छोडेर पोथी चमेरो अथवा आमा चमेरो एक्लै उडेर कतै जाँदैन । पोथी चमेराले आफ्नो बच्चालाई आफ्नो जीउमै बोकेर उड्ने गर्छ भने बच्चा चमेरालाई आमाको जीउमा टाँसिएर बस्नुपर्ने हुन्छ । चमेराहरू खुट्टाका नंग्राले रूखका हाँगा वा गुफाका चट्टानलाई च्यापेर झुण्डिन्छन् । तर, दिसापिसाब गर्दा, भाले लाग्दा वा बच्चा पाउँदा भने हातका नंग्राले च्यापेर बस्दछन् । त्यस अवस्थामा तिनको मुन्टो माथितिर नै फर्केको हुन्छ ।

दि न्यू योर्क टाइम्स (२०१८ को अप्रिल १७) मा प्रकाशित एक लेखमा चमेरोको बारेमा उल्लेख गरिएको छ । लेखमा चमेरोको स्वरूप र स्वभाव कौतूहलपूर्ण रहेको र यसको पर्यावरणीय महत्त्वका व्याख्या गरिएको छ । चमेराको तीखो कोणाकारका पखेटाहरू हेर्दा झण्डैझण्डै मानिसको हात र पाखुराजस्तै देखिन्छ । चमेरो एक यस्तो जीव हो, जो स्तनधारी भइकन आकाशमा उड्न सक्तछ । चमेराको आकार चंगाजस्तै हुने भएकाले यसलाई आकाशमा सजिलैसँग उड्न मद्दत पुग्दछ ।

चमेराहरू विभिन्न रंगका हुन्छन् । विशेषगरी यिनीहरू कालो र खैरो रङका हुन्छ तर केही चमेराहरू भने पहेंलो चम्किलो, चाँदी, सुन्तलालगायतका विभिन्न रङका चमेरा पनि पाइन्छन् । 'रातिमा मात्र सक्रिय हुने चमेराले कृषिका लागि हानीकारक कीरा खाएर बालीनाली जोगाउन सहयोग पुर्‍याउँछ,' वन्यजन्तु विशेषज्ञ डा. हेमसागर बरालले बताए ।

चमेरालाई दुई प्रकारका चमेराहरूमा वर्गीकरण गरिएको छ । एउटा मांसाहारी चमेरो र अर्को फलाहारी चमेरो । मांसाहारी चमेरो कीरा, फटचांग्राहरू मात्र खाएर जीवन निर्वाह गर्दछ भने फलाहारी चमेरोचाहिँ फलफूल खाएर जीवन निर्वाह गर्दछ । आकारमा मांसाहारीको तुलनामा फलाहारी चमेरो अलिक ठूलो हुन्छ । मांसाहारी चमेरोको संख्या ७० प्रतिशत रहेको छ भने बाँकी ३० प्रतिशतमात्र फलाहारी चमेरा रहेको बताइन्छ ।

वन्यजन्तु विशेषज्ञ डा. बरालका अनुसार विश्वमा एक हजार ४०६ प्रजातिका चमेरा पाइन्छन् । नेपालमा पछिल्लो तथ्यांकअनुसार ५५ प्रजातिका चमेरा भेटिएको छ । संसारमा ७० प्रतिशत मांसाहारी र ३० प्रतिशत साहाकारी चमेरा भेटिएका छन् । 'चमेरो पर्यावरण र जैविक विविधताको दृष्टिकोणले निकै नै उपयोगी जीव हो । यसले वनजंगल जोगाउन र बीउविजन परागसेचन गरेर फूललाई परागसेचन गर्नसमेत मद्दत गर्छ,' डा. बरालले बताए ।

चमेरा पर्यावरण र जैविक विविधताको दृष्टिकोणले उपयोगी जीव मानिएका छन् । खासगरी फलाहारी चमेराले वनजंगल जोगाउन र बीउविजन परागसेचन गरेर फूलहरूको परागसेचन गर्नसमेत मद्दत गर्दछ । त्यसैगरी मांसाहारी चमेराले मानिस र अन्नबालीका लागि हानिकारक मानिने कीरालाई खाएर मद्दत पुर्‍याइरहेको हुन्छ । एउटा चमेरोले एक रातमा दुई हजारदेखि छ हजारसम्म कीरा खाएर बाली संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्छ । यसको मल प्रांगरिक मलका लागि उत्कृष्ट मानिन्छ । लटरम्म झुन्डिएर बस्ने चमेरो कानले देख्ने प्राणी हो । चमेरोले आफ्नो कानको ध्वनि र प्रतिध्वनिका माध्यमबाट हरेक कुरा ठम्याउँछ र देख्छ ।

चमेराबाट सिको गरेर ध्वनि र प्रतिध्वनिको सिद्धान्तअनुसार स्थान, वस्तु र तिनको दूरी पत्ता लगाउने प्रविधि विकास भएको मानिन्छ । समुद्र वा तालको गहिराइ नाप्न पनि यो प्रविधि प्रचलनमा छ । आकाशमा उडेका हवाईजहाज वा पानीमा चल्दै गरेका जहाज र पनडुब्बी ठम्याउने राडर प्रविधिको आधार चमेरोकै 'इकोलोकेशन' प्रविधि हो भन्ने धेरैको मान्यता छ ।

चमेरोको खुट्टा तुलनात्मक रूपमा सानो हुन्छ । यसको शरीर, पखेटा र खुट्टाका कारण जमिनबाट उडान भर्न सक्दैन । त्यसैले चमेरो रूख, गुफालगायतका ठाउँमा टाउको तल पारेर बस्ने गर्छ । यसरी बस्दा आफूलाई हुने असुरक्षा पनि उसले सजिलै थाहा पाउँछ र सुरक्षित उपाय खोज्छ । चमेराको बासस्थान विनास हुँदै जाँदा र वातावरण अनुकूल नहुँदा चमेराहरूको बसाइ गुफामा बढ्न थालेको नेपाल पक्षी संरक्षण संघका वन्यजन्तुविद् भूपाल नेपालीको भनाइ छ ।

वन्यजन्तुविद् नेपालीका अनुसार चमेरोले अन्धकारमा बाटो पहिल्याउनका लागि सुन्ने क्षमताको पनि प्रयोग गर्छ । आँखा मात्र होइन राति उडान भर्दा सुन्ने तीक्ष्ण क्षमतालाई पनि उसले उपयोग गर्छ । उनी भन्छन्, 'अँध्यारोमा सिकार गर्दा चमेरोले उडेको समयमा अल्ट्रा सिग्नल पठाउँछ, जसले चमेरालाई सिकार गर्न सहज बनाउछ । अगाडि कुनै वस्तु छ भने उक्त सिग्नल फर्केर आउँछ । यसरी उसले अगाडि कुनै अवरोध नभएको निर्धारण पनि गर्न सक्छ ।'

चमेरो ४१ वर्षसम्म बाँचेको तथ्यांक छ । चमेरा जाडो मौसममा न्यानो स्थान खोज्दै बसाइसराइसमेत गर्छन् । एक दिनमा २५० माइल्स उड्ने अनुसन्धानबाट देखिएको छ । प्रतिघण्टा ७० माइल उडान गर्नसक्ने चमेराले १० हजार फिट उचाइसम्म उडान भर्न सक्ने बताइन्छ ।

मानव ढुंगेयुगबाट कृषि युगमा प्रवेश गर्‍यो त्यसबेलादेखि नै चमेरा र मानव जातिको अन्तरसम्बन्ध नजिकिँदै गएको मानवशास्त्रीको भनाइ छ । वन्यजन्तुविद् नेपालीले भने, 'चमेराले हाम्रो घर तथा वरिपरि रहेका रुख, झाडी, र बगैंचामा बस्न रुचाउँछन र त्यही गुँड बनाएर बच्चा पनि कोरल्छन् ।' गुफामा बास बस्ने चमेरो साना खालका हुन्छन् र तिनको आहारा भनेको रातमा उड्ने कीटपतंग, लामखुट्टेलगायत अनेकौं स-साना प्राणी हुन् ।

एकातिर पुरानो र परम्परागत चमेरामैत्री घर नहुनु, रुख बिरुवा निवास हुनु, प्रदूषण, चेतनाको कमी, आहाराको कमीको समस्या बढ्दै गएको छ भने अर्कोतिर यिनीहरूलाई संरक्षण गर्नुको सट्टा मार्ने र धपाउने प्रवृत्तिले पनि चमेराको संख्यामा कमी आएको उनले बताए ।

एक अध्ययनले मोबाइल फोन र यसको टावरको विकिरणको कारणले पनि असर पारेको उनको भनाइ छ । सहरका बिजुलीको तारमा बस्ने क्रममा पनि चमेरा मर्ने गरेको छ । चमेराको चर्चामा पोखराको चमेरे गुफा, महेन्द्र गुफा, गुप्तेश्वर गुफा विशेष उल्लेखनीय छन् । केही वर्षअघिसम्म काठमाडौंका नारायणहिटी, केशरमहल तथा भक्तपुरको सल्लाघारीमा बथानका बथान पाइने चमेरा आजभोलि देख्न मुस्किल भएको छ । बढ्दो सहरीकरणले निम्त्याएको धुलो, धुवाँ, बिजुलीका तार र रूखबिरुवाको विनासले गर्दा रूपन्देही, कपिलवस्तु र काठमाडौंलगायत सबैतिर चमेराको संख्या दिनदिनै घट्दो छ । *रासस*

# जसपा सांसद रहमानको निधन



**भक्तपुर (प्रस)–** जनता समाजवादी पार्टी (जसपा)की प्रतिनिधिसभा सदस्य सहनाज रहमानको निधन भएको छ । सूर्यविनायक नगरपालिका–३ घ्याम्पेडाँडामा पिकनिक गएकी उनको शनिबार हृदयघातका कारण निधन भएको हो ।

जसपा नेपाल गैरभौगोलिक विशेष प्रदेश समिति, बौद्धिक पेसाकर्मी समितिले आयोजना गरेको होली मिलन तथा वनभोज र परिचयात्मक कार्यक्रममा सहभागी हुन पुगेकी सांसद रहमान वनभोजस्थलमै मेचबाट एक्कासि ढलेर बेहोस भएकी थिइन् । त्यसपछि उपचारका लागि मध्यपुर अस्पताल ठिमीमा लगिएकामा अस्पतालका चिकित्सकले सांसद रहमानको मृत्यु भएको घोषणा गरेको प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक प्रजित केसीले जानकारी दिए । भद्रपुर नगरपालिका–६ स्थायी घर भएकी ६४ वर्षीय रहमान हाल मध्यबानेश्वर काठमाडौं बस्दै आएकी थिइन् । जसपाकी केन्द्रीय सदस्यसमेत रहेकी उनी समानुपातिक प्रणालीतर्फबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएकी थिइन् । रहमान मुस्लिम समुदायको प्रतिनिधित्व गर्दै सांसद भएकी हुन् ।

### प्रधानमन्त्रीद्वारा दुःख व्यक्त

प्रधानमन्त्री पुष्पकमल दाहालले प्रतिनिधिसभा सदस्य रहमानको निधनप्रति दुःख व्यक्त गरेका छन् । प्रधानमन्त्री दाहालले सामाजिक सञ्जालमार्फत दिवंगत सांसद रहमानप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवार र शुभेच्छुकहरूमा गहिरो समवेदना प्रकट गरेका छन् ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९/११/१४

यस कम्पनीको मिति २०७९/११/०२ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **एच.आर.एन. भोकेशनल ट्रेनिङ्ग एण्ड म्यानेजमेन्ट कम्पनी प्रा.लि. (प्रा.लि. नं. ३०४७९४)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/११/१० को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एच आर एन ग्रुप एन्ड म्यानेजमेन्ट कम्पनी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**अनलाइन पत्रिका बन्द हुने सुचना**

**दोस्रो सुचना प्रकाशन मिति २०७९/११/१३**

यस newssajhakarnali.com नामक अनलाइन पत्रिका पछि कुनै दायित्व नरहने गरि बन्द गर्न लागीएको हुदा तत् सम्बन्धमा कोही कसैको केही लेनदेन बाँकी बक्यौता भएमा सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा सम्पर्क गरि हिसाब गर्न हुन अनुरोध गर्दछौं ।

www.newssajhakarnali.com परिवार

**चलिरहेको कलेज विक्रीमा**

+२ देखि मास्टर डिग्री सम्मको पढाई भइरहेको १ रोपनी जग्गामा साँढे तीन तलाको भवन निजी सहितको कलेज विक्रीमा रहेकोले इच्छुक महानुभावले ५ दिन भित्रमा सम्पर्क गरी प्रस्ताव पेश गर्नु होला ।

सम्पर्क नं. ९८४१६४७६१६

इमेल : lekhnathgautamtpj@gmail.com

**कम्पनीको नाम परिर्वतन तथा प्रबन्ध पत्र, नियमावली संशोधन गरिएको सूचना**

यस कम्पनीको मिति २०७९/१०/१० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **Pashupati Regency Pvt. Ltd** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **Hotel Pashupati Regency Pvt. Ltd** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/१०/१८ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **Hotel Pashupati Regency Pvt. Ltd** **(प्रा.लि.नं.३०५३८६८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### फेरि अस्थिरतर्फ मुलुक

**प्रधानमन्त्री पुष्पकमल दाहालले दुई महिनामै गठबन्धन परिवर्तन गरेपछि मुलुक फेरि राजनीतिक अस्थिरतातर्फ धकेलिएको छ । राष्ट्रपति चुनावका लागि दाहालले वर्तमान सत्ता गठबन्धन तोडेर नेपाली कांग्रेससँग मिलेर नयाँ गठबन्धन बनाएका हुन् । राष्ट्रपतिमा कांग्रेसका उम्मेदवारलाई समर्थन गर्ने सहमति नयाँ गठबन्धनका आठ दलले गरेका छन् । सोहीअनुसार शनिबार राष्ट्रपतिमा कांग्रेस वरिष्ठ नेता रामचन्द्र पौडेलले उम्मेदवारी दर्ता गरेका छन् । उनको प्रतिस्पर्धीमा एमालेका उपाध्यक्ष सुवासचन्द्र नेम्बाङ छन् ।**

**गत मंसिरमा भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाले गठबन्धन बनाएर चुनाव लडेको थियो । अहिले राष्ट्रपति निर्वाचनका लागि सोही गठबन्धनमा थप तीन दल जनता समाजवादी पार्टी (जसपा), नागरिक उन्मुक्ति पार्टी र जनमत पार्टी जोडिएका छन् । यस हिसाबले गठबन्धन थप बलियो बनेको छ । तर, माओवादी अध्यक्ष दाहाल चुनावी गठबन्धन छाडेर दुई महिनाअघि अर्थात् १० पुसमा एमालेको सहयोगमा प्रधानमन्त्री बनेका थिए । त्यतिखेर राष्ट्रपति र सभामुख पद एमालेलाई दिने सहमति भएको बताइन्छ । उक्त सहमति तोडेर दाहालले कांग्रेसको उम्मेदवारलाई साथ दिएका छन् । यसले उनीमाथि लाग्दै आएको 'अस्थिर पात्र' को आरोपलाई पुष्टि गरेको छ । जुनसुकै बेला गठबन्धन बदल्न तयार हुने 'ढुलमुले' नेताका रूपमासमेत दाहाललाई चित्रण गरिँदै आएको छ । जुन उनको व्यवहारबाट पुष्टि हुँदै आएको हो, र पुनः यसपटक उनले सोही प्रवृत्ति दोहोर्‍याएका छन् ।**

**त्यसो त दाहालले राष्ट्रपति राष्ट्रिय सहमतिमा चुनिनुपर्ने अडान राख्दै आएका थिए । २६ पुसमा संसद्मा कांग्रेसबाट विश्वासको मत पाएपछि दाहालको बोली फेरिएको थियो । उनले भन्न थाले, 'राष्ट्रपतिमा राष्ट्रिय सहमति हुनुपर्छ ।' उनको दल माओवादीले पनि यही निर्णय गर्‍यो । एमाले अध्यक्ष केपी शर्मा ओली त्यसबेलै झस्किएका थिए । दाहाललाई सिधै नभनेर ओलीले त्यसबेला कांग्रेसलाई राष्ट्रपतिका लागि 'ढोक्सा' नथाप्न संसद् बैठकमै चेतावनी दिए । त्यसपछि दाहाल–ओलीबीच लगातार भेटवार्ता भइरह्यो । तर, दाहाल एमालेलाई राष्ट्रपति दिन तयार भएनन् । बरु, राष्ट्रिय सहमतिको नाममा कांग्रेसलाई राष्ट्रपति दिन तयार भए । परिणामतः एमालेसहितको सत्ता गठबन्धन भत्काएर प्रमुख विपक्षी दल कांग्रेससहितको पुरानो सत्ता गठबन्धन ब्युँताए । संसद्का केही साना नयाँ दल पनि थपे । यति हुँदा पनि एमाले अध्यक्ष ओली भने राष्ट्रपति एमालेकै हुने र माओवादीले सम्झौताअनुसार सहयोग गर्ने बताउँदै आएका छन् ।**

**प्रधानमन्त्री दाहाल अहिले जुनरूपमा अगाडि बढे, यो पक्कै ठीक भएन । दुई–दुई महिनामा गठबन्धन बदल्ने उनीमाथि जनताले कसरी विश्वास गर्ने ? आखिर एमालेसँग मिल्दा पनि उनले स्थिर सरकारको प्रतिबद्धता जनाएका थिए, तर त्यो पूरा गर्न सकेनन् । एमालेसँग सत्ता सञ्चालनमा असहमति भए होलान् । उनले सोही कुरा संकेत गर्दै एमाले अध्यक्ष ओलीबाट अनावश्यक दबाब झेल्नुपरेको बताएका छन् । त्यो स्वाभाविक पनि हो, किनकि एमाले संसद्को दोस्रो ठूलो दल भएको हैसियतले सरकार सञ्चालनमा आफ्नो प्रभाव देखाउन खोज्छ । एमालेले अर्थसहित महत्त्वपूर्ण मन्त्रालयहरू लिँदा माओवादीको भागमा जनतासँग प्रत्यक्ष जोडिने मन्त्रालय एउटा पनि परेको थिएन । तर, प्रधानमन्त्री बन्नका लागि जस्तोसुकै सम्झौता गर्न तयार भएका उनले त्यो बेलामा यो कुरा किन ख्याल गरेनन् भन्ने प्रश्न उठ्छ । अहिले उनले चालेको कदमले मुलुकलाई अस्थिर बनाएको छ, जुन अवस्थाबाट मुलुकले मुक्ति खोजेको वर्षौं भइसक्यो । राष्ट्रिय सहमतिका नाममा अस्थिरतातर्फ धकेल्ने कार्य मुलुकको लागि दुर्भाग्यपूर्ण छ । अब नयाँ गठबन्धन पनि कति समय टिक्ने निश्चित छैन । जनतालाई थप निराश बनाउने कदम फेरि नदोहोरियोस् ।**

## मननयोग्य

### चाणक्य नीति

'मित्र ! शान्त हुनुहोस् ! देशभक्तको गुणको अनुपम भण्डार तपाईको ढुकुटी हो जसको अब पाटली पुत्रलाई नितान्त खाँचो छ । तपाईका परिवार र चन्द्रगुप्त तपाइकै प्रतीक्षा गरिरहेछन्', हाँसी चाणक्यले भने । मेरा मालिक स्वगृबासी हुनुभयो उहाँको तपाईहरूद्वारा हत्या भयो । अब मलाई दास (नोकर) बनाउन आउनुभयो ? मलाई यो पद चाहिँदैन-राक्षसले भने ।

'तर तपाइृको देश अहिले पनि जीवितै छ । पृथ्वी त तपाईको हो, सम्पूर्ण मगधवासी प्रजा तपाइकै हुन् । तिनीहरू तपाईलाई बोलाउँदैछन् । म आफू महामात्य बन्न सक्दिनँ । अत: चन्द्रगुप्त र मगधको रक्षा गर्न तपाईजस्तो परमगुणीको आवश्यकता बुझेर नै तपाईको अगाडि एक हार्दिक अनुरोध लिई आएको छु ।

'अब चाणक्यको साधना पूर्ण भयो । आज भारतभूमिमा चन्द्रगुप्तजस्तो वीर र बुद्धिमान् सम्राट् तपाईंहरूको रक्षाका लागि रहनुभएको छ । यो शासन यस्तै किसिमसँग निर्विघ्न चलोस्, यसका लागि मुख्य सचिवको स्थान सुशोभित पार्न परमगुणी, नीतिशास्त्र जान्ने, मातृभूमिका लागि समर्पित राक्षसले आफ्नो सेवा यो देशलाई दिन स्वीकार गर्नुभयो यो राष्ट्र उहाँप्रति कृतज्ञ रहनेछ ।'

'अर्को कुरा छिमेकी राज्य पञ्चनाद (कैकेय)- को मगधसँग अटूट सम्बन्ध भएकोमा यो ब्राह्मण कैकेय नरेशलाई साधुवाद दिन्छ । दुई शक्तिशाली राज्यले एकजुट भई एउटा नयाँ शक्ति पैदा गर्नेछन् । यस्तो मेरो विश्वास छ । यस उत्साहमा एक नयाँ समाचार कैकेय नरेशपुत्री छायाँको चन्द्रगुप्तसँग विवाहको निश्चय भएको कुरा जानकारी गराउँदैछु जसले दुवै राष्ट्र सम्बन्धी बन्नेछन् । जसरी भारतवर्ष र युनान सम्बन्धी भए ।' क्रमशः

## कुडा कर्णालीका : सुशासन र विकास-२

# आर्थिक असमानता विकासको बाधक



डा. अंगराज तिमिल्सिना

*(विकास तथा सुशासनविज्ञ डा.तिमल्सिनाले कर्णाली प्रदेशको राजधानी सुर्खेतमा आयोजित कर्णाली उत्सवको चौथो संस्करणअन्तर्गत फागुन ६ गतेको कार्यक्रममा 'सुशासन र विकास' विषयमा दिएको प्रवचनको दोस्रो भाग । पहिलो भाग फागुन १० गतेको अंकमा प्रकाशित छ । सं)*

**कर्णालीको विकासको ऐतिहासिक पृष्ठभूमि**

एउटा तीतो सत्य के भने कर्णाली प्रदेश आफ्नो भौगोलिक विकटताका कारण पछि पर्‍यो होला तर केन्द्रको नजर नपरेरसमेत पछाडि परेको देखिन्छ । राणाशासन वि.सं. २००७ सालमा ढल्यो तर सन् २००८ मा मात्र खबर जुम्ला पुग्यो भनिन्छ । पञ्चायतकालमा सत्तामा हुनेहरू रारा घुम्न आउने गर्थे तर कर्णालीमा रूपान्तरणकारी खासै परियोजनाको सुरुआत भएन भने पूर्वतिर पञ्चायतकालमै धमाधम सडक सञ्जालदेखि अरु पूर्वाधारहरू थपिँदै गए ।

पञ्चायतकालमा दुर्गम विकास कार्यक्रम, ग्रामीण क्षेत्र विकास कार्यक्रम, ग्रामीण खानेपानी आदि कार्यक्रम सुरु नगरिएका होइनन् तर यी कार्यक्रम गुणस्तर (क्वालिटी) र पहुँच (स्केल)का हिसाबले खासै प्रभावकारी भएनन् ।

वि.सं. २०४६ मा प्रजातन्त्र आएपछि सिलान्यास भएको कर्णाली राजमार्ग २०६३ मात्र सुरु भयो । माओवादी युद्धले यहाँको समग्र विकासलाई १०-१५ वर्ष पछि धकेल्यो भने अर्कोतिर पहिचान, सामाजिक शोषण, छुवाछूत आदि मुद्दालाई सामाजिक विकासको मूलधारमा ल्यायो । माओवादी युद्धले पहाडमा बसोबास गर्दै आएका धेरैलाई तराई, काठमाडौं र अरु सहरतिर सर्न बाध्य मात्र बनाएन, अक्सर भारतभन्दा विरलै अरु देश नजाने कर्णालीवासीलाई वैदेशिक रोजगारका लागि कोरिया, मलेसिया, खाडी र अरु देश जान सुरु गरायो । २०६२/६३ पछिको आन्दोलनपछिको एक दशक राजनीतिक संक्रमणमै बित्यो । नयाँ संविधान बन्यो, संघीयताले कर्णालीलाई आफ्नो विकास आफैं पहिल्याउने मौका त दियो तर आशा गरेअनुसार विकास र समृद्धिमा रूपान्तरणकारी फड्को मार्न सकेको देखिएन ।

**आर्थिक असमानता विकासको बाधक**

पहिला-पहिला विकासको 'लिटरेचर' समाजमा अलिकति असमानता बढेर केही हुँदैन भन्ने थियो अर्थात् धनी धनी हुँदै जाने परिस्थिति भए पनि आर्थिक वृद्धिदर उच्च हुने हो भने केही हदसम्मको आर्थिक असमानता 'टोलरेट' गर्न सकिने भन्ने थियो । तर, हालैका अनुसन्धानले के देखाउँछन् भने यदि देशको आर्थिक असमानता छिटो छिटो घट्ने हो भने देशको आर्थिक वृद्धि पनि बढ्ने देखाउँछ । ठीक त्यसरी नै जुन देशको आर्थिक असमानता छिटो-छिटो बढ्यो, त्यो देशको आर्थिक वृद्धि सोचेअनुसार हुँदैन ।

जस्तो कि, ओइसिडीको एक अनुसन्धानका अनुसार २० वर्षमा बढ्दै गएको आर्थिक असमानताले न्युजिल्याण्ड र मेक्सिकोको आर्थिक वृद्धिदर १० प्रतिशतले घट्यो । आर्थिक असमानता नबढ्दो हो त इटाली, बेलायत र अमेरिकाले समग्रमा छदेखि नौ प्रतिशत बढी आर्थिक वृद्धि हासिल गर्न सक्थे । सन् २००८ को वित्तीय संकटपूर्व फ्रान्स, स्पेन र आयरल्याण्डले प्रतिव्यक्ति आम्दानी असमानता घटाउने कार्यक्रमकै कारण बढेको देखिन्छ ।

अनुसन्धानले के पनि देखाउँछ भने, शिक्षामा ठूलो लगानी आर्थिक असमानता घटाउने एउटा हतियार हो । दुर्गममा जन्मेर पनि म जस्तै कैयौं नेपालीहरू शिक्षाकै कारण गरिबीभन्दा माथि उठेर यहाँसम्म आइपुगेका हामी जल्दाबल्दा उदाहरण हौं ।

अब नेपालको असमानताको कुरा गरौं- संयुक्त राष्ट्रसंघको आँकडाअनुसार दुर्गम र पिछडिएका जिल्ला भएको कर्णाली, सुदूरपश्चिम र मधेस प्रदेश मानव विकास सूचकांकमा धेरै पछाडि छ । नेपाल राष्ट्र बैंककै आँकडाअनुसार वित्तीय पहुँच र साक्षारता, पूर्वाधार र मानव संसाधन निर्माणमा पनि यी प्रदेश धेरै पछाडि छन् । बर्सेनि हजारौं कर्णालीवासी जिउने जुगाडका लागि मात्रै मौसमी श्रम गर्न भारत पस्छन् ।

वर्षौंदेखि न्यून लगानी, न्यून आर्थिक वृद्धि र न्यून विकासको स्तरको दुश्चक्रमा फसिरहेका छन् कर्णाली र सुदूरपश्चिम प्रदेश । सन् २०१८-२०१९ को आर्थिक सर्वेक्षणअनुसार देशको कूल गार्हस्थ उत्पादनमा कर्णाली र सुदूरपश्चिमको हिस्सा क्रमशः चार र छ प्रतिशत मात्र छ, जबकि बागमती प्रदेशको ४१ प्रतिशतभन्दा बढी छ । सन् २०१९ मा राष्ट्र बैंकले गरेको अनुसन्धानअनुसार वैदेशिक लगानीका हिसाबले कूल वैदेशिक लगानीको ७३.५ प्रतिशत बागमती र १२.७ प्रतिशत गण्डकीमा छ भने केवल ०.७७ र ०.११ प्रतिशत क्रमशः कर्णाली र सुदूरपश्चिममा छ । हालसालैको आर्थिक गणनाअनुसार नेपालभरि नौ लाख २२ हजारभन्दा बढी व्यवसायहरू सञ्चालनमा छन् भने यसको केवल पाँच प्रतिशतमात्र कर्णालीमा सञ्चालनमा छन् । राष्ट्र बैंकका अनुसार नेपालमा झण्डै छ हजार बैंक र वित्तीय संस्थाका शाखाहरू छन् जसमध्ये ३४ प्रतिशत बागमतीमा छन् भने कर्णाली र सुदूरपश्चिममा केवल क्रमशः चार र छ प्रतिशतमात्र छन् । यसैबाट यी दुई प्रदेशमा लगानी कति न्यून छ भन्ने देखिन्छ ।

नर्वे होस् वा जापान, स्वीटजरल्याण्ड होस् वा दक्षिण अफ्रिका, राज्यले परिचालन गर्ने स्रोत र दिने सेवा सुविधाबारे देशको जनसंख्या र भूगोललाई कति आधार मान्ने भन्ने बहस जारी छ । एक लाख किलोमिटरभन्दा लामो समुद्री तट र केवल ५४ लाख जति जनसंख्या रहेको नर्वेमा ४४७ स्थानीय सरकार छनन् । यिनको खर्च कूल गार्हस्थ उत्पादनको करिब १८ प्रतिशत छ भने यी निकायले नर्वेका कूल रोजगारीमा करिब २० प्रतिशतजति ओगटेको छ । नर्वेका ८-१० वटा नगरपालिकाको जनसंख्या १० हजारभन्दा कम भएकाले सरकारी खर्च घटाउन स्थानीय तहको संख्या घटाउनुपर्छ भन्ने एकातिर छन् भने अर्कोतिर उत्तरी गोलार्द्धसम्म पुग्ने नर्वेको भूगोलका कारण जनतालाई सेवा प्रदायकमा पर्ने असरलाई ध्यानमा राखेर संख्या घटाइनु हुन्न भन्नेहरू पनि छन् ।

सहरबाट टाढा जापानका गाउँहरूमा जाँदा अक्सर घरहरू समाजका वरिष्ठ नागरिक (बूढा-पाका) मात्रै रहेका र स्कूलहरूमा पनि थोरै विद्यार्थी देखिन्छन् । गाउँ-गाउँसम्म पुग्ने चिल्ला सडकहरू छन्, दुई-चार जनामात्रै बोक्नका लागि भए पनि बस र रेलहरू चलेका छन् । गाउँका अस्पतालहरू पनि सहरजत्तिकै प्रभावकारी छन् । झण्डै १३ करोडजति जनसंख्या भएको जापानमा ९२ प्रतिशत मानिस सहरमा बस्छन् भने गाउँघरमा केवल आठ प्रतिशतमात्रै । तर, विकास, सेवासुविधा, यातायात, उत्पादन, पर्यटन आदिले गाउँ र सहर जोडिएका छन् । सन् १९६० मा १० वर्षभित्र देशको अर्थतन्त्रलाई दोगुणा बढाउने प्रधानमन्त्री हायाको इकेडाको योजनापछि टोकियोलगायतका सहरमा केन्द्रित विकास र उत्पादन देशका अरु ठाउँमा सर्‍यो । देशका अरु ठाउँमा गएर उत्पादन गर्ने र कलकारखाना चलाउनेलाई राज्यले कर छुट, जग्गाको उपलब्धतालगायतका भारी सुविधा दिएको थियो ।

नेपालको कूल जनसंख्याको एकतिहाइ जनसंख्या काठमाडौं वरिपरिको १०० किमिको परिधिमा बस्छ । यसलाई व्यवस्थित गर्ने चुनौती छँदै छ, यहाँको विकासलाई अरु भौगोलिक क्षेत्रसँग जोड्ने र प्रदेश-प्रदेश र स्थानीय निकायहरूबीचको सामाजिक र आर्थिक असमानता घटाउन जरुरी छ । दुई-तीन वर्ष पहिले एउटा पूर्वको जिल्लामा संघले छुट्याएको बजेट सिंगो कर्णाली वा सुदूरपश्चिम प्रदेशको बजेटभन्दा धेरै भएको भनेर चर्चा कमाएको थियो । संघीयता त्यतिबेला बलियो हुन्छ जब विकास र भावना दुवैले हरेक प्रदेशहरू संघसँग जोडिन्छन् । सुदूरपश्चिम, कर्णाली तथा मधेस प्रदेश र अरु प्रदेशबीचका विभिन्न असमानता घटाउन यी प्रदेशमा सापेक्षितरूपले राज्यको लगानी बढी हुन जरुरी छ । अर्कोतिर संघको मात्रै मुख ताक्ने र आफूले खासै केही नगर्ने प्रवृत्ति प्रदेश र स्थानीय सरकारमा हाबी भए आगामी कैयौं वर्षसम्म कर्णालीको पछौटेपन कायम रहने छ ।

> कर्णालीले संघीयतामा उठाउनुपर्ने प्रश्न के हो भने सम्पूर्ण कर्णालीको विकास नेपालको मूल विकाससँग जोड्न सकिएको छ कि छैन ? कर्णालीको विद्युत्, पर्यटन, जैविक कृषि, भारत-चीनसँगको व्यापार र पारवाहन, मानसरोवर-कैलाशसम्मको या रारा आदिको पर्यटनको प्रचुर सम्भावनालाई काठमाडौंले देशकै रूपान्तरणकारी परियोजना हुन्, यसले कर्णालीवासीका लागि मात्र नभएर आर्थिक उन्नतिका हिसाबले देशकै कायापलट हुन्छ भनेर केन्द्रले चिनेको छ कि छैन ? अझै पनि तुइन् हटाउन वा स-साना पटके परियोजनाका लागि बजेट हालिदेऊ भनेर भिख मागेजसरी सिंहदरबारको चक्कर काट्नुपर्ने अवस्था छ कि छैन ?

**विकासका लागि नेपालको संघीयता कति फलदायी ?**

नेपालमा सबै कुरा हतारमै हुन्छन् । शान्ति प्रक्रिया र संक्रमणकालीन न्यायका कुरा अझै सकिएका छैनन्, नयाँ संविधानअन्तर्गत दुईपटक निर्वाचन भइसक्यो । आवश्यक पूर्वाधार र संरचना तयार नगरेर संघीयतामा हाम फाल्यौं । अहिले पनि संघीयता कार्यान्वयनका लागि अत्यावश्यक दर्जनौं कानुन बनेका छैनन् भने प्रदेश र स्थानीय सरकारको विकास खर्चको क्षमता कमजोर छ ।

समग्रमा नेपालको संघीयताका मामिलामा गत पाँच वर्ष सिकाइमै बित्यो । दूरदृष्टिसहितको विकास योजनाको 'ब्लु प्रिन्ट' धेरै प्रदेशसँग छैन । अस्पताल बनाउनेभन्दा मन्दिर, गेट वा भ्यु टावर बनाउने कुरा प्राथमिकतामा परे । हेलिकप्टरबाट करोडौंको खर्च गरेर सुत्केरीलाई 'एयर लिफ्ट' गर्ने कुरा गाउँमै स्वास्थ्यचौकीको स्तरोन्नति गर्ने विकासको मोडलभन्दा लोकप्रिय छ ।

दीर्घकालीनरूपले प्रदेशलाई समुन्नतितिर लाने प्रदेशस्तरीय गौरवका आयोजना (जस्तो कि पूर्वाधार, उत्पादन, पर्यटनका गुरुयोजना) मा ध्यान कम छ भने प्रदेश सरकारको धेरै बजेट साधारण खर्चमा र केही बजेट कनिका छरेझैँ गरेका परियोजनाहरूमा खर्चिएको छ । समग्रमा भन्दा विकास नभएकै होइन । रूपान्तरणकारी योजनामा लगानी जुटाउन नसक्नु, ठूला योजनाको गति धिमा हुनु र साना योजनाहरूले गुणस्तर कायम गर्न नसकेको देखियो ।

संघीयतामा केही स्रोतको विकेन्द्रीकरण त भएको छ, यससँगै संघका विकृतिहरू प्रदेश र स्थानीय सरकारमा सरेका देखिन्छन् । जस्तो कि सरकार परिवर्तन र राजनीतिक अस्थिरता प्रदेशतिर सरेको छ भने आर्थिक अनियमितता र भ्रष्टाचारको विकेन्द्रीकरण भएको जस्तो छ । भ्रष्टाचारलाई नियन्त्रण गर्ने संस्था र संरचना प्रदेशमा छैनन्, भएका पनि प्रभावकारी छैनन् । सुशासन कायम गर्ने हो भने प्रदेश आफैंले यस्ता संरचना बनाउनुपर्ने हो । अर्कोतिर संघको बजेटले सांसद कोष हटायो तर प्रदेशका बजेटमा आयो, संघले कनिका छरेझैँ गर्ने बजेट विनियोजनको रोग प्रदेश र स्थानीय सरकारमा सरेको छ ।

कर्णालीले संघीयतामा उठाउनुपर्ने प्रश्न के हो भने सम्पूर्ण कर्णालीको विकास नेपालको मूल विकाससँग जोड्न सकिएको छ कि छैन ? कर्णालीको विद्युत्, पर्यटन, जैविक कृषि, भारत-चीनसँगको व्यापार र पारवाहन, मानसरोवर-कैलाशसम्मको या रारा आदिको पर्यटनको प्रचुर सम्भावनालाई काठमाडौंले देशकै रूपान्तरणकारी परियोजना हुन्, यसले कर्णालीवासीका लागि मात्र नभएर आर्थिक उन्नतिका हिसाबले देशकै कायापलट हुन्छ भनेर केन्द्रले चिनेको छ कि छैन ? अझै पनि तुइन् हटाउन वा स-साना पटके परियोजनाका लागि बजेट हालिदेऊ भनेर भिख मागेजसरी सिंहदरबारको चक्कर काट्नुपर्ने अवस्था छ कि छैन ?

संघीयताका कुरा गर्दा दुईवटा आयामहरूलाई हेर्नुपर्ने हुन्छ । एउटा- संघले साधन र स्रोतको बाँडफाँटमा कति न्याय गर्‍यो । नेपालमा आर्थिक असमानता घटाउने ठूलो प्रयास भएकै छैन ।

दोस्रो- प्रदेशले कति प्रभावकारीरूपले आफ्नो प्रदेशको विकास अगाडि बढाउने काम गर्‍यो भन्ने कुरा । गएको पाँच वर्षमा कर्णाली प्रदेशमा दुईवटा सरकार फेरिए । धेरै समय सत्ताको खिचातानीमै बित्यो । सरकार विस्तारमा तीन महिनासम्म लाग्यो । केही राम्रा कामको घोषणा नभएका होइनन् । प्रदेश योजना आयोग बनाउने, विज्ञ समूहको गठन गर्ने कुरा, १० हजारलाई रोजगारी दिने कुरा, सामूहिक बिमा, छोरी बचत खाता, छोरी-बुहारीलाई छात्रवृत्ति, किसानलाई प्रोत्साहन आदि । तर, यी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन भएन ।

यसै पनि प्रदेशको विकास खर्च कमजोर रह्यो । कार्यान्वयनको क्षमता, अनुगमन, कार्यक्रम र योजनाको परिपक्व तयारी र भ्रष्टाचार रोक्ने क्षमताका सवालमा प्रदेश सरकार कमजोर देखियो । सुशासनको मापन भनेको सरकारले विनियोजन गरेको रकम खर्च गर्न सक्यो वा सकेन, सक्यो भने त्यो पैसामा कति अनियमितता भयो र कति पैसा वास्तविक सेवाग्रहीमा पुग्यो भन्ने पनि हो । यी दुवै अर्थले प्रदेश र स्थानीय तह गत पाँच वर्षमा त्यति सफल भएको देखिएन । एक-एक रूपैयाँको सदुपयोग गर्नुपर्ने कर्णाली प्रदेशमा मन्त्री र मन्त्रालयको संख्या सधैँ विवादित छन् ।

ठूला रूपान्तकारी योजनामा लागि 'लविइङ' गर्ने, स्रोत जुटाउने आदि कुरामा समग्र प्रदेशको नेतृत्व कमजोर रह्यो भने सत्ता र प्रतिपक्षबीच नीतिगत एकता भएर अगाडि बढ्न सकेको देखिएन, न त प्रदेशको विकास र निर्माणको कुरालाई कर्णालीले एकमत भएर संघ समक्ष राख्न सक्यो । *क्रमशः*

द्रष्टव्य : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.



**बौद्ध विहारको अध्ययन** नुवाकोटको विदुर नपा–२ अशोकवाटिकामा रहेको बौद्ध विहारको जमिनमुनि पुरातात्त्विक सम्पदा भए/नभएकोबारे अत्याधुनिक प्रविधि प्रयोग गरेर शनिबार अध्ययन गर्दै बेलायतको दुराम विश्वविद्यालयका प्राविधिकहरू । पुरातत्त्व विभागले उनीहरूलाई अध्ययनका लागि ल्याएको हो । *तस्बिरः नवदीप श्रेष्ठ/रासस*

# चराको स्वर्ग पुरैनी तालमा जलपक्षी घट्दै

**कञ्चनपुर–** चराको स्वर्ग भनेर चिनिने कञ्चनपुरको बेलौरी नगरपालिका-६ भुराकोटमा रहेको पुरैनी तालमा जलपक्षीको संख्या घट्दै जान थालेको छ ।

हिउँदका बेला बसाइँ सरेर आउने जलपक्षीले भरिभराउ हुने तालमा यस वर्ष थोरैमात्रै जलपक्षी आएका छन् । ताल र त्यसको वरिपरिको क्षेत्र मानव अतिक्रमणको चपेटामा परेपछि तालमा चराका प्रजाति घट्दै गएका हुन् । पहिला ३२ बिघा क्षेत्रफल भएको ताल खुम्चिँदै गएर २८ बिघामा सीमित भएको छ । चरा तालमा लामबद्ध भएर पौडिँदै, डुबुल्की मार्दै गरेको र ताल वरिपरि उड्दै गरेको दृश्यले आन्तरिक पर्यटकलाई लोभ्याउँदै आएको छ । 'चिसो मौसम सुरु हुनै लाग्दा पहिला पहाड छिचोल्दै ठूलाठूला हाँस प्रजातिका चरा तालमा आइपुग्थे,' स्थानीयबासिन्दा खड्कबहादुर चन्दले भने, 'गर्मी सुरु हुन थालेपछि मात्रै फर्कन्थे, पहिलेको जस्तो जलपक्षी आउने क्रमम केही वर्ष कम हुँदै गएको छ ।'

'तालभरि कमल फुलेर मनमोहक हुन्थ्यो, त्यसमा चरा रमाउँदै गरेको दृश्यले यहाँ पुग्ने जो कोही पनि मन्त्रमुग्ध हुन्थे, तालमा हुने कमल हरायो, चरा पनि हराउँदै गएका छन्,' उनले भने ।

उनका अनुसार तालमा माछाका धेरै प्रजाति पाइने गरेका थिए । एउटै माछाको तौल पाँच किलोमाथि नै हुन्थ्यो । अहिले पनि तालमा एक किलोसम्मका माछा पाइने गरेका छन् । तालमा भएका माछा र चरालाई निकटवर्ती क्षेत्रका भारतीयले आएर मार्ने गरेको लक्ष्मण खत्रीले बताए । 'लुकिछिपी आएर चरा मार्छन्, विषादीको प्रयोग गर्छन्,' उनले भने, 'माछा पनि मारेर लैजान्छन् ।'

ताल संरक्षणमा कुनै पनि निकायले चासो नदिँदा ताल

> हिउँदका बेला बसाइँ सरेर आउने जलपक्षीले भरिभराउ हुने तालमा यस वर्ष थोरैमात्रै जलपक्षी आएका छन् । ताल र त्यसको वरिपरिको क्षेत्र मानव अतिक्रमणको चपेटामा परेपछि तालमा चराका प्रजाति घट्दै गएका हुन् ।

खुम्चिँदै जान थालेकोप्रति उनले चिन्ता व्यक्त गरे । तालमा ४८ प्रजातिका जलपक्षी पाइने गरेका छन् भने रैथाने जातका १० बढी प्रजाति पाइने गरेका छन् । मंसिर र पुस महिनामा चराको चाप ताल क्षेत्रमा अधिक हुन्छ भने गर्मी बढ्दै जाँदा चराका प्रजाति पुरानै क्षेत्रमा फर्कने भएकाले घट्छन् ।

हाल तालमा जलपक्षीको संख्या घटेर २० देखि ३० हाराहारीमा मात्रै देखापर्ने गरेको स्थानीयको भनाइ छ । चराको बासस्थानमा खलल पुगेपछि जलपक्षीको संख्या घट्दै गएको नेपाल पक्षी संरक्षण संघका चरा विज्ञ हिरूलाल डगौराले बताए ।

'शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको सिकारी ताल पछि जलपक्षीका धेरै प्रजाति पाइने पुरैनी हो,' उनले भने, 'चराको बासस्थान व्यवस्थापन, ताल प्रतिवर्ष मासिँदै जान थालेकाले यसको सीमांकनको काम गर्नुपर्छ, निकुञ्जबाहिर रहेको ताल भएकाले स्थानीय तहले विशेष चासो दिनुपर्छ, यो सबैको सम्पदा हो, संरक्षण गरिनुपर्छ ।'

गत वर्ष बेलौरी नगरपालिकाले ताल क्षेत्रको केही भागलाई पोखरी बनाई आयस्तरमा वृद्धि गर्नका लागि सिद्देश्वर सहकारी संस्थालाई प्रधानमन्त्री आधुनिकीकरण कृषि परियोजनाअन्तर्गत दुई लाख ३१ हजार रूपैयाँ अनुदान रकम उपलब्ध गराई तीन वटा पोखरी निर्माण गरी माछापालन गरिएको थियो । जसबाट सहकारीले दुई लाख एक हजार रूपैयाँ रकम आम्दानी गरेको थियो ।

स्थानीयले तालमा माछापालनको काम गरेपछि विरोध गरेपछि यस वर्ष भने माछापालनको काम गरिएको छैन । 'नगरपालिकाले ताल संरक्षण र माछापालनको जिम्मा दिएपछि गत वर्ष चरा संरक्षण गर्नका लागि एक जना व्यक्तिलाई खटाएको थियौं,' उनले भने, 'यस वर्ष माछापालनको काम गरिएको छैन ।'

जलवायुको असरले चरा कम आएका हुनसक्ने उनको अनुमान छ । चराको आहाराको कमी पनि हुन सक्ने उनले बताए । तालको अर्को समस्या भने जलकुम्भीको रहेको छ । ताल पूरै जलकुम्भीले भरिँदै गएको छ । तालको पानी स्थानीयले खेतमा सिँचाइ गर्नका लागि प्रयोगमा समेत ल्याउने गरेका छन् ।

स्थानीय थारु भाषामा कमललाई पुरैना भन्ने गरिएका त्यसै आधारमा तालको नाम पुरैनी राखिएको स्थानीय बासिन्दाको भनाइ छ । नगरपालिकाका नगर उपप्रमुख कुलवीर चौधरीले तालको जैविक विविधता नष्ट हुन नदिनका लागि कार्यक्रम सञ्चालन गर्न लागिएको बताए ।

'संरक्षणको कामलाई गम्भीरतापूर्वक लिएका छौं,' उनले भने, 'माछा मार्न पूर्णरूपमा निषेध गरेका छौं, खेतीयोग्य जमिन सिमसार भयो भन्ने स्थानीयको गुनासो छ, त्यस कुरालाई पनि सम्बोधन गर्छौं ।' ताल र सिमसार क्षेत्रलाई पर्यटकीय क्षेत्रका रूपमा विकसित गर्ने योजना रहेको उनले बताए । *रासस*

# घोराहीमा फोहोरबाट ग्यास उत्पादन

■ रञ्जिता अधिकारी

**देउखुरी–** दाङको घोराही उपमहानगरपालिका-१६ करौतीडाँडामा फोहोरबाट ग्यास उत्पादन गर्न सुरु गरेर वितरणको काम सुरु गरिएको छ । तत्काल ७०० घरमा ग्यास पुऱ्याउने तयारी रहेको नगरप्रमुख नरुलाल चौधरीले जानकारी दिए । उपमहानगरपालिकाको १६ नं वडामा वितरण सुरु गरेको उनले बताए ।

'उपमहानगरपालिका र नेपाल ऊर्जा विकास कम्पनी प्रालिबीच २० वर्षको सम्झौता भएको छ, त्यसपछि सबै नगरपालिकालाई हस्तान्तरण हुनेछ,' प्रमुख चौधरीले भने, 'यसलाई प्रभावकार ीरूपमा सञ्चालन गर्ने र नगरपालिकाको आम्दानीको स्रोतमा वृद्धि गर्ने लक्ष्य छ ।' ग्याससँगै कम्पोस्ट मल उत्पादन गर्ने र फोहोर व्यवस्थापनमा सहजता हुने अपेक्षा गरिएको उनले बताए ।

फोहोरबाट ग्यास तथा कम्पोस्ट मल उत्पादन भएपछि उपमहानगरपालिकालाई फोहोर व्यवस्थापनमासमेत सहजता आउने अपेक्षा रहेको उनले बताए । ग्यास उत्पादन गर्न थालेपछि गलेर जाने वस्तुको सदुपयोगसमेत भएको छ । नगरपालिकाले अहिले गल्ने र नगल्ने वस्तु छुट्टाछुट्टै उठाउने गरेको छ ।

नगल्ने फोहोरसमेत उपमहानगरपालिकाले किन्न थालेको छ । जिल्लामा नै फोहोरबाट ग्यास उत्पादन भएपछि ग्यासको मूल्य पनि कम हुने नागरिकले अपेक्षा लिएका छन् । फोहोरबाट ग्यास उत्पादन गर्न थालिएको जिल्लामा यो पहिलो भएको नगरप्रमुख चौधरीले बताए । उपमहानगरपालिका र कम्पनीबीचको सहकार्यमा फोहोरबाट ग्यास उत्पादन गर्न थालिएको उनले बताए ।

उपमहानगरपालिकालाई प्लास्टिकमुक्त बनाउने अभियानअन्तर्गत यो कार्यक्रम अघि सारिएको हो । उपमहानगरपालिकाले प्लास्टिकको बोतलसहित नरम पोलिथिन एक किलोलाई १० रूपैयाँ, कपडा प्रतिकिलो पाँच रूपैयाँ, सुर्तीजन्य प्लास्टिकको फोहोर प्रतिकिलो दुई रूपैयाँ, गत्ता, कापीसहित वर्गीकरणअनुसारका फोहोरलाई १० देखि २० रूपैयाँसम्म प्रतिकिलोमा खरिद गर्ने दर कायम गरिएको छ ।

यसरी खरिद गरिएको गल्ने फोहोरलाई बायो ग्यासमा प्रयोग गरिने र नगल्ने फोहोरलाई उद्योगसँग समन्वय गरेर बिक्री गरिने नगरप्रमुख चौधरीले जानकारी दिए । वडा नं १६ तरौटेमा करिब ३० बिघा जमिन छ । सो जमिनमा फोहोरबाट ग्यास उत्पादन गर्न थालिएको हो । बजार क्षेत्रबाट उत्पादन हुने फोहोर संकलन भइरहेको र त्यो पर्याप्त नभएको नगर उपप्रमुख हुमा डिसीले बताइन् ।

'फोहोर संकलनको कामलाई निरन्तरता दिइरहेका छौं,' उनले भनिन्, 'घरको फोहोर व्यवस्थापन पनि हुने फोहोर बिक्री गरेर पैसा आम्दानी हुने भएकाले नागरिकको उत्साहजनक सहभागिता छ ।' जिल्लामा निर्माण गर्न थालिएको यस प्रकारको काम अवलोकन गर्नका लागि जिल्लाभित्र तथा बाहिरी जिल्लाबाट नागरिक आउने गरेका छन् । यसले नगर सरसफाइमा सहयोग पुग्ने अपेक्षा नगरपालिकाको छ ।

उपमहानगरपालिकाले घरघरबाट फोहोर खरिद गर्न थालेको छ । बोतल र गुट्खाका खोलमा पैसा आउन थालेपछि स्थानीय दंग परेका छन् । करिब एक वर्षअघिदेखि फोहोरबाट ग्यास उत्पादन सुरु गरिएको नेपाल ऊर्जा विकास कम्पनी प्रालिका प्लाण्ट म्यानेजर हरिशरण श्रेष्ठले बताए ।

'दैनिक ३०० घनमिटर ग्यास उत्पादन हुने गरेको छ,' उनले भने, 'अहिले फोहोर कम राखिएको छ, त्यसले गदा ग्यास उत्पादन कम भएको हो ।' केही समयपछि फोहोर धेरै राखेर ग्यास उत्पादनलाई वृद्धि गरिने योजना रहेको उनले बताए । उनका अनुसार नगरपालिकाबाट उठ्ने फोहोर मात्र प्रयोग गरिएको छ ।

उत्पादन भएको ग्यास पाइपलाइनमार्फत घरघरसम्म पुऱ्याउने उपमहानगरपालिकाको योजना छ । त्यसका लागि आवश्यक पर्ने पाइप विस्तारको काम भइरहेको श्रेष्ठले बताए । 'हामीलाई आवश्यक पर्ने एनडिपी पाइप हो, यो आइसकेको छ, विस्तार गर्ने काम भइरहेको छ,' उनले भने ।

पाइपमार्फत ग्यास प्रयोग गरेबापत मिटरअनुसार रकम तिर्नुपर्ने छ । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, नेपाल ऊर्जा विकास कम्पनी प्रालिले काम थालनी गरेको हो । घोराहीको १० तथा १६ नम्बर वडामा पुऱ्याउने र पछि घोराहीका अन्य वडामा विस्तार गरिने भएको छ । उत्पादन गरिएको ग्यास वरिपरिका स्थानीयलाई परीक्षण गरिनेछ । सफल भएमा उपमहानगरभित्रका सहरमा विस्तार गरिनेछ ।

त्रिपक्षीय सम्झौता २०७५ मंसिर ५ गते भएको थियो । ग्यास उत्पादन गर्न पहिले करिब २० करोड रूपैयाँ लगानी लाग्ने भनिएको थियो तर पाइपमार्फत घरघरसम्म ग्यास पुऱ्याउनुपर्ने भएपछि करिब २२ करोड रूपैयाँ लाग्ने प्लाण्ट म्यानेजर श्रेष्ठले बताए । यो रकम घरघरसम्म ग्यास पाइपमार्फत पुऱ्याउँदा खर्च कम हुनेछ ।

फोहोरबाट ग्यास उत्पादनका लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले ४० प्रतिशत रकम दिनेछ भने ६० प्रतिशत कम्पनी आफैंले व्यहोर्ने सहमति भएको श्रेष्ठको भनाइ छ । संरचना निर्माणका लागि उपमहानगरपालिकाले करिब तीन बिघा जग्गा उपलब्ध गराएको छ । उक्त ग्यास प्लान्ट दुई हजार घनमिटरमा छ । फोहोरबाट ग्याससँगै कम्पोस्ट मलसमेत उत्पादन गरिने उनले बताए ।

कम्पनी र नगरपालिकाबीच २० वर्षको सम्झौता गरिएको छ । सम्झौताअनुसार २० वर्षपछि संरचनासहित सबै पूर्वाधार उपमहानगरपालिकालाई हस्तान्तरण गरिने भएको छ । २० वर्षसम्मका लागि कम्पनीले नगरपालिकालाई पाँच प्रतिशत रकम दिने सहमति भएको छ । *रासस*

# बौद्ध विश्वविद्यालय परिसरलाई पञ्चशीलमैत्री बनाइने

**लुम्बिनी (प्रस)–** लुम्बिनी बौद्ध विश्वविद्यालयले विश्वविद्यालय परिसरलाई पञ्चशीलयुक्त राख्ने नीति अवलम्बन गरेको छ । विश्वविद्यालयको १४औं सभाले बुद्धका सन्देशको ज्ञान तथा अनुशरणमा जोड दिँदै विश्वविद्यालय परिसरलाई पञ्चशील राख्ने नीति लिएको छ ।

यस्तै विश्वविद्यालयअन्तर्गत हुने औपचारिक सभा-समारोह तथा बैठकमा बुद्ध वन्दना र बुद्धमूर्ति अनिवार्य राख्ने निर्णय पनि गरिएको छ । विश्वविद्यालय कार्यकारी परिषद्को बैठकले बुद्ध वन्दना र बुद्धमूर्तिलाई अनिवार्य गरेको हो ।

बौद्ध विश्वविद्यालय स्थापनाको उद्देश्यअनुरूप बौद्ध दर्शन, संस्कृति, कलाको संरक्षण तथा प्रवर्द्धनका लागि सभा-समारोहमा बुद्ध वचनको प्रार्थना र बुद्धमूर्ति अनिवार्य गरेको विश्वविद्यालयले जनाएको छ ।

विश्वविद्यालयका निमित्त उपकुलपति एवं रजिस्ट्रार डा. तिलकराम आचार्यको अध्यक्षतामा बसेको कार्यकारी परिषद्को बैठकले विश्वविद्यालयका सम्पूर्ण निकाय तथा विश्वविद्यालयसँगको सहकार्य वा सहयोगमा हुने जुनसुकै औपचारिक सभा, समारोह, बैठकमा बुद्ध वन्दना वाचन अनिवार्य गरेको हो । सभा-समारोहस्थलको अग्रभागमा बुद्धमूर्ति अनिवार्य राख्ने निर्णयसमेत विश्वविद्यालयले गरेको छ ।

बौद्ध विश्वविद्यालयमा हाल बौद्ध दर्शनमा रहेर स्नातक तथा स्नातकोत्तर तहका कक्षा सञ्चालनमा छन् । स्नातकोत्तर तहमा बौद्ध दर्शनका विविध कार्यक्रम सञ्चालनमा छन् ।

# राहत शिक्षक काठमाडौं जिल्ला समितिमा पन्त




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल राहत शिक्षक काठमाडौं जिल्ला समितिको अध्यक्षमा सबिन पन्त निर्वाचित भएका छन् । शनिबार सम्पन्न चौथो जिल्ला अधिवेशनले पन्तको नेतृत्वमा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको हो ।

नवनिर्वाचित कार्यसमितिको उपाध्यक्षमा किरण नेपाली, महिला उपाध्यक्षमा धर्मा अधिकारी, सचिवमा राजिव भट्टराई, सहसचिवमा ईश्वरचन्द्र थसीनेकु र गोकर्ण न्यौपाने तथा कोषाध्यक्षमा नानीमैयाँ हुमागाइँ चयन भएका छन् । यसैगरी सदस्यमा वासु कार्की, ज्ञानबहादुर लामा, रमा घिमिरे, पुष्पा श्रेष्ठ, पार्वती चौलागाई, हरिकृष्ण महर्जन, अमृता महर्जन, भवानी लामिछाने, जिना श्रेष्ठ र मेनुका पाण्डे निर्वाचित भएका छन् ।

राहत दरबन्दीमा कार्यरत शिक्षकको हकहित र अधिकारका लागि समितिले काम गर्दै आएको छ । लामो समय शिक्षक सेवा आयोगले नयाँ शिक्षक पदपूर्ति गर्न नसक्दा शैक्षिक गुणस्तर कायम गर्दै शिक्षा प्रदान गर्ने उद्देश्यका साथ सरकारले राहत दरबन्दीमा शिक्षक भर्ना गरेको थियो । तर, आफूहरूलाई राज्यले सौतेनी व्यवहार गरेको भन्दै राहत शिक्षकहरूले असन्तुष्टि जनाएका छन् ।

'स्थायी शिक्षकको तुलनामा राहत दरबन्दीमा भर्ना भएका शिक्षकलाई राज्यले सौतेनी व्यवहार गर्दै आएको छ,' नवनिर्वाचित अध्यक्ष पन्तले भने, 'शिक्षक सेवा आयोगले लामो समयसम्म स्थायी शिक्षक पदपूर्ति गर्न सकेन, राहत दरबन्दीलाई स्थायी बनाउन प्रयास पनि गरेन । विद्यालयमा पढाउँदा पढाउँदै कतिपय शिक्षकको उमेर घर्किसक्यो न स्थायी भए न त पेन्सनको योग्य रहे ।' राहत शिक्षकको यो पीडालाई सम्बोधन गराउन दबाबमूलक कार्यक्रम बनाई प्रभावकारीरूपमा अगाडि बढाउने उनले बताए ।

# स्रोत नखुलेको रकमसहित पक्राउ

**सप्तरी (प्रस)–** तिलाठी कोइलाडी गाउँपालिका-१ भन्सार कार्यालय अगाडिबाट स्रोत नखुलेको छ लाख ८३ हजार रूपैयाँ र ५० हजार भारूसहित एक भारतीय नागरिक पक्राउ परेका छन् । भारत सुपौल कुनौली ग्राम पञ्चायत कमलपुर बिहार घर बताउने ३१ वर्षीया अस्मिताकुमारी साहलाई शुक्रबार बिहान प्रहरीले पक्राउ गरेको हो ।

नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र भन्सार कार्यालयका कर्मचारीसहित संयुक्तरूपमा खटिएको टोलीले भारतबाट नेपालतर्फ आउँदै गरेकी उनलाई उक्त रकमसहित फेला पारी पक्राउ गरेको प्रहरीले जनाएको छ ।

उनलाई आवश्यक कारबाहीका लागि आन्तरिक राजस्व अनुसन्धान कार्यालय इटहरी सुनसरी पठाइएको जनाएको छ ।


बूढानीलकण्ठ नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हात्तिगौडा, काठमाडौं

बागमती प्रदेश

प्रकाशित मितिः २०७९/११/१४

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।**

यस कार्यालयको मिति २०७९/१०/२५ को राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित Construction of Ward no 4 Office Building, Contract no: NCB/BNP/CW/079_080/03 आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना बमोजिम यस कार्यालयको तपशिल बोलपत्रदाताको न्युनतम मुल्यांकित र सारभूतरुपमा प्रभावग्राही भएको हुनाले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धि यो सूचना सबैको जानकारीको लागि प्रकाशित गरिन्छ ।


| सि.नं. | ठेक्का नं | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक मु.अ.क र PS बाहेक |
|---|---|---|---|
| १. | NCB/BNP/CW/079_080/03 | Guru Metal & Construction Pvt.Ltd, Jorpati-5, Kathmandu | ३,२४,५२,४५१।२० |

# प्रभाव दैनिक

रूपशाला

आइतबार, १४ फागुन २०७९ (Sunday, February 26, 2023)


## 'हेरा फेरी ३' मा अक्षय कुमार



'हेरा फेरी ३' मा अक्षय कुमारको उपस्थिति पक्का भएको छ। अब अक्षयलाई 'राजु' को आइकोनिक चरित्रमा देख्न पाउनेछन्। 'हेरा फेरी ३' मा अक्षय कुमार हुनेछन् या छैनन्, यो रहस्य केही दिनअघि मात्रै टुंगिएको थियो। तर अक्षयका फ्यानका लागि खुसीको खबर यहीँ सकिएन। अक्षय 'हेराफेरी ३' मा मात्र नभई परेश र सुनीलसँगै 'वेलकम' र 'आवारा पागल दीवाना' को सिक्वेलमा पनि देखिने दाबी गरिएको छ। यद्यपी यी दुई फिल्मको बारेमा थप जानकारी बाहिर आएको छैन।

# 'म पर्खिरहन्छु'को प्रिमियर शो विराटनगरमा

■ प्रभाव संवाददाता

**विराटनगर–** लामो प्रतीक्षापछि नेपाली कथानक चलचित्र 'म पर्खिरहन्छु' को प्रथम प्रदर्शन (प्रिमियर शो) आज शनिबार विराटनगरमा सम्पन्न भएको छ। इन्द्रेणी कला प्रतिष्ठानको आयोजनामा चलचित्रको प्रिमियर शो सम्पन्न भएको हो।

विराटनगरका कलाकारहरू बाहुल्य रहेको यो चलचित्र २०७७ सालको नयाँ वर्षमा प्रदर्शनी (रिलिज) को तयारी भए पनि कोरोना कहरले रोकिएको थियो। पछि नयाँ नेपाली चलचित्रहरूको बीचमा 'म पर्खिरहन्छु'ले प्रथम प्रदर्शनीको लागि समय मिलाउने क्रममा आज (शनिबार) प्रथम प्रदर्शनी विराटनगर-८ हाटखोलास्थित आरके महलमा गरिएको थियो। तीन दर्जन बढी नयाँ चलचित्रसँगै 'म पर्खिरहेछु' पनि प्रदर्शनीको पर्खाइमा थियो।

नेपाली र मैथिली गरी एक दर्जन बढी चलचित्र निर्देशन गरिसकेका सन्तोष सरकारको कथा, सम्वाद (पटकथा), निर्देशन रहेको 'म पर्खिरहेको छु' को निर्मात्री बबिता श्रेष्ठ हुन्।




नेपाली युवाले भोगेको वास्तविक घटनामा आधारित वियोगान्त कथा रहेको 'म पर्खिरहेछु' मा भूपेन्द्र रायमाझी र नषराज घिमिरेको संगीत छ। कथामा वैदेशिक रोजगारीले पारिरहेको सामाजिक समस्या, पारिवारिक विचलन पाइन्छ र यस्तो अवस्थामा समाजलाई सही मार्ग लैजानका लागि गरिएको प्रयास देखिएको छ। 'म पर्खिरहेछु' का प्रमुख कलाकारहरूमा विनोद श्रेष्ठ, कल्पना भट्टराई, पुष्प श्रेष्ठ, प्रवलदीप विश्वास, शारदा आर्यन, प्रमोद श्रेष्ठ, दिनेश कोइराला, डीबी बस्नेत, विनोद दुगड, कृष्ण सुवेदी र महेश सहनी छन्। बाल कलाकारमा बेदिका श्रेष्ठ र शीतला सरकार छन्।

यस चलचित्रमा डा विनोद श्रेष्ठ र सुरेश वैद्यको गीतमा रामा मण्डल र मनिषा पोखरेलले स्वर दिएका छन्। कोशी भिजन फिल्म प्रोडक्सन इटहरीको व्यानरमा निर्माण गरिएको 'म पर्खिर हेछु' मा राजेश लेप्चा र नविन राईले द्वन्द्व निर्देशन र हेमन्त योञ्जनले सम्पादन छ।

पूर्वको प्रमुख शहर विराटनगर, इलाम, इटहरी, धरान, धनकुटालगायत पर्यटकीय स्थल जेफाले, डाँडाबजार, कोशी व्यारेज, श्रीअन्तुमा छायांकन गरिएको यस चलचित्रको क्यामराम्यान यज्ञ पराजुली र सुमन तामाङ छन्। दुई घण्टा १५ मिनेट समयको यस चलचित्रको सम्पादन गुञ्जन स्टुडियो काठमाडौंमा र अन्तिम सम्पादन म्युजिक हब पोष्ट प्रोडक्सन स्टुडियो ओशीवारा, अन्धरी वेष्ट मुम्बईमा गरिएको अभिनेता डा विनोद श्रेष्ठले जानकारी दिए।

# दोहोरी गीत प्रतिष्ठानको अध्यक्षमा रीता सर्वसम्मत

■ प्रभाव संवाददाता



**धादिङ–** राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालको अध्यक्षमा धादिङकी रीता थापामगर सर्वसम्मत निर्वाचित भएकी छन्। शुक्रबारदेखि धादिङबेँसीमा जारी प्रतिष्ठानको आठौँ केन्द्रीय महाधिवेशनबाट थापा सर्वसम्मत अध्यक्षमा निर्वाचित भएकी हुन्।

केन्द्रीय निर्वाचन समितिले सार्वजनिक गरेको उम्मेदवारको नामावलीअनुसार थापाका विरुद्ध उम्मेदवारी नै नपरेपछि उनी सर्वसम्मत भएका हुन्।

उनी प्रत्यक्ष दोहोरी गीतबाट चर्चामा छन्। लोक तथा दोहोरी क्षेत्रमा दशकअघिदेखि तल्लीन थापामगरले यसअघि प्रतिष्ठानको विभिन्न पदमा रहेर काम गरिसकेकी छन्।

प्रतिष्ठानको वरिष्ठ उपाध्यक्षमा स्याङ्जाका पशुपति शर्मा र प्रथम उपाध्यक्षमा रामजी खाण सर्वसम्मत भएका छन्। सांगठनिक उपाध्यक्षमा सुवास केसी, प्रशासनिक उपाध्यक्षमा दीपक खड्का र महिला उपाध्यक्षमा राधिका हमाल पनि सर्वसम्मत निर्वाचित भएका छन्।

सात जनाको खुला उपाध्यक्षमा भने १० जनाको उम्मेदवारी परेको छ। खुला उपाध्यक्षमा पुष्कल शर्मा, राजु ढकाल, चोलेन्द्र पौडेल, कृष्ण रेउले, खुमन अधिकारी, कुलेन्द्र विश्वकर्मा, पूर्णकला विसी, शंकर विसी र तारापति सुवेदीको उम्मेदवारी परेको छ।

प्रतिष्ठानको महासचिवमा शिव हमाल सर्वसम्मत भएको छन्। उपमहासचिवमा हरि डाँगी (प्रशासनिक) र शिरीष देवकोटा (सांगठनिक) र कोषाध्यक्षमा अमृत अधिकारी सर्वसम्मत चयन भएका छन्। भने महिला सचिवमा जमुना राना सर्वसम्मत चयन भएका छन्।

त्यस्तै सात प्रदेशमध्ये भूगोल सचिवमा पनि गण्डकी प्रदेशबाहेक सबै प्रदेशबाट आउने सचिव पदमा सर्वसम्मत भएको छ। गण्डकी प्रदेशबाट भने तीन जनाको उम्मेदवारी परेको छ। तीन जनाको खुला सचिव पदमा पनि पाँच र दुई जनाको तथा सहकोषाध्यक्ष (खुला) पदमा तीन जनाको उम्मेदवारी परेको छ।

सबै पदमा केही दिनअघिदेखि नै सर्वसम्मतको प्रयास भएको थियो। खुला उपाध्यक्ष, भूगोल सचिवतर्फ गण्डकी प्रदेश, खुला सचिव, खुला सहकोषाध्यक्ष पदबाहेक पदाधिकारी सर्वसम्मत निर्वाचित भएका छन्। यद्यपि निर्वाचन समितिले अन्तिम नामावली प्रकाशन भने गरिसकेको छैन। सर्वसम्मत नभएका यी पदमा परेका उम्मेदवारी फिर्ता लिने समयसम्ममा पदाधिकारीको सबै पद सर्वसम्मत हुनसक्ने बताइएको छ।

यो महाधिवेशनले ३५ जनाको पदाधिकारीसहित ७५ सदस्यीय कार्यसमिति चयन गर्नेछ। शुक्रबार राति नै मनोनयन दर्ता खुला गर्ने कार्यतालिका भए पनि सर्वसम्मतको कसरतले दिउँसो १२ बजेपछि मात्रै मनोनयन खुला गरिएको थियो। सर्वसम्मत नभएका अन्य पदमा मतदान गराइने निर्वाचन समितिले जनाएको छ।

# सामाजिक सञ्जालबाट अलगिँदै सेलेना

■ एजेन्सी

**लसएञ्जल्स–** हलिउडकी प्रख्यात गायिका, अभिनेत्री तथा निर्मात्री सेलेना गोमेजका हालका दिनमा चर्चामा छिन्। उनले हालैमात्र सामाजिक सञ्जालमा एउटा रेकर्ड बनाएकी छन्। उनी इन्स्टाग्राममा सर्वाधिक फलो गर्ने महिला बनेकी छन्। उनले काइली जेनरलाई पछि यो मामलामा पछि पारेकी छन्। उनले इन्स्टाग्राममा रेकर्ड राखिरहँदा सेलेनाले सामाजिक सञ्जालबाट ब्रेक लिने घोषणा गरेकी छन्।

सेलेनाको इन्स्टाग्राममा २ सय ८३ मिलियन फलोअर छन्। जबकी काइलीको इन्स्टामा ३ सय ८० मिलियन फलोअर छन्। सेलेनाअघि यो रेकर्ड काइलीको नाममा थियो।

यद्यपि यी सबै सफलताका बावजुद पनि सेलेनाले सामाजिक सञ्जालबाट ब्रेक लिने घोषणा गरेकी छन्। 'म धेरै खुशी छु। म धन्य पनि छु। सारा विश्वमा मेरा राम्रा साथी र राम्रा फ्यान छन्। म यो भन्दा बढी खुशी हुन सक्दिनँ। म ठीक छु। म जस्तो छु, मलाई मनपर्छ। मलाई चिन्ता छैन', उनले भनेकी छन्।

३० वर्षीया सेलेनाले आफू सामाजिक सञ्जालबाट टाढिन लागेको स्पष्ट पारेकी छन्। 'म सामाजिक सञ्जालबाट टाढिँदैछु। किनकी यो थोरै मूर्खतापूर्ण हुन्छ। म ३० वर्षको भएँ। म तपाईंहरूलाई धेरै माया गर्छु। म चाँडै तपाईहरूलाई भेटन आउँदैछु। मलाई अहिले हरेक कुराबाट ब्रेक लिनुछ', उनले भनेकी छन्।

सेलेनाले सामाजिक सञ्जालबाट ब्रेक लिने कुरा पहिलोपटक होइन। उनले यसअघि पनि कैयौं पटक मानसिक स्वास्थ्यलाई हवाला दिँदै सामाजिक सञ्जालबाट ब्रेक लिईसकेकी छन्। सन् २०१४ मा गायिकाले आफूलाई बाइपोलर भएको खुलासा गरेकी थिइन्। यो डिप्रेसनभन्दा एक तहमाथि हुन्छ। यद्यपि उनले हार मानिनन् र यो मानसिक रोगसँग लामो समय लडिन्।



## रंगशाला

**आइसिसी यू-१९ विश्वकप एशिया छनोट**

# अर्जुन र देवको शतकका साथ कुवेतविरूद्ध नेपालको शानदार जित




■ प्रभाव संवाददाता

**काठमाडौं–** आइसिसी यू-१९ पुरुष विश्वकपको एसिया छनोट प्रतियोगितामा नेपालले लगातार दोस्रो जित हात पारेको छ। शनिबार भएको दोस्रो खेलमा नेपालले कुवेतलाई २ सय ४३ रनको फराकिलो अन्तरले पराजित गरेको हो।

यूएईस्थित मलिका क्रिकेट मैदानमा नेपालले दिएको ३ सय ४४ रनको लक्ष्य पछ्याएको कुवेतले ३०.५ ओभरमा अलआउट हुँदै १०० रन मात्र बनायो। कुवेतका लागि जुधा सालधानाले २६ रन बनाउँदा रसिन मोहमदले १९ रन बनाए। किसोरी भाइ हिन्सु १६ रनमा आउट हुँदा अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन्।

नेपालका लागि आकाश चन्दले ६ तथा हेमन्त धामी र दिपेश कंडेलले समान २/२ विकेट लिए। त्यसअघि पहिले ब्याटिङ गरेको नेपालले ५० ओभरमा ७ विकेट गुमाएर ३ सय ४३ रन बनाएको हो।

नेपालका लागि ओपनर अर्जुन कुमाल र कप्तान देव खनालले सानदार शतक प्रहार गरेका थिए। कप्तान खनालले १ सय १७ बलमा ९ चौका तथा ३ छक्काको सहयोगमा १ सय २५ रन बनाए। ओपनर अर्जुन कुमालले १ सय १२ बलमा १२ चौकाको सहयोगमा १ सय ८ रन बनाउदै आउट भएका थिए। अर्जुन कुमाल र कप्तान देव खनालबीच तेस्रो विकेटका लागि १ सय ७० रनको साझेदारी भएको थियो।

विशाल बिक्रम केसीले १४ बलमा २३ रन बनाउँदा दिपक डुम्रे १६ बलमा २० रनमा अविजित रहे। दिपक बोहोराले ९ बलमा १९ रन बनाए। नेपालका ओपनर दिपक बोहोरा १३ तथा शुक्रबार सिंगापुरविरुद्धको खेलमा अर्धशतक प्रहार गरेका आकास त्रिपाटी ३ रनमा आउट भए। कुवेतका हेनरी थोमसले र सहिल काज्मीले समान २/२ तथा जय महेशकुमार मेहता १ विकेट लिए। दोस्रो जित हात पारेको नेपाल २ खेलमा ४ मा रहेको छ। समान अंक रहेको यूएई भन्दा रन औसतमा पछि परेर नेपाल दोस्रो स्थानमा रहेको छ।

प्रतियोगितामा नेपालसहित सिंगापुर, कुवेत, हङकङ, मलेसिया र आयोजक यूएईको सहभागिता रहेको छ। नेपालले अब सोमबार तेस्रो खेलमा हङकङविरुद्ध खेल्नेछ। चौथो खेलमा २८ तारिखमा मलेसियाको सामना गर्ने नेपालले २ मार्च घरेलु टोलीसककंग अन्तिम खेल खेल्नेछ। राउण्ड रोबिनका आधारमा हुने प्रतियोगिताको शीर्ष टोली २०२४ मा श्रीलंकामा हुने यू-१९ विश्वकपका लागि छनोट हुनेछ।


**२३औं बुढासुब्बा गोल्डकप**

# युके एफसीको विजयी सुरुआत

■ प्रभाव संवाददाता

**धरान–** घरेलु टोली धरान फुटबल क्लबलाई हराउँदै युके एफसी भारतले २३ औं बुढासुब्बा गोल्डकपमा विजयी सुरुआत गरेको छ।

धरान रंगशालामा शनिबार भएको उद्घघाटन खेलमा घरेलु टोलीलाई हराउँदै युके एफसीले सेमिफाइनलमा स्थान बनाउन सफल भएको हो। निर्धारित ९० मिनेटमा दुवै टोलीले गोलरहित बराबरी खेलेपछि निर्णयका लागि टाइब्रेकर रोजिएको थियो। आयोजक टोलीका रिवश मास्कले गोल गर्न चुक्दा धरान ५-४ गोल अन्तरले पराजित बन्दै क्वाटरफाइनलबाट बाहिरिएको हो। युके एफसीको जितमा गोलरक्षक मनोज प्रधान भाग्यमान सावित भए। उनले रिवशको प्रहार बचाएका थिए।




प्लेयर अफ दि म्याच विजेता टिमका गोलरक्षक प्रधान घोषित भए। उनले नगद ३५ हजार प्राप्त गरे। आइतबारको दोस्रो क्वाटरफाइनल खेल बागमती युवा क्लब सर्लाही र एभेनियर फुटबल क्लब क्यामरुनबीच हुनेछ।

फागुन २० गते सम्म चल्ने प्रतियोगिताको विजेता टोलीले ट्रफीसहित नगद १० लाख पाउनेछ भने उपविजेताले नगद ५ लाख पाउनेछ। उत्कृष्ट खेलाडीलाई नगद १ लाख दिइने जनाइएको छ। विगतमा उत्कृष्ट खेलाडीले मोटरसाइकल पुरस्कार पाउँदै आएका थिए।

प्रत्येक खेलको म्यान अफ दि म्याचलाई १० हजार दिइनेछ भने उत्कृष्ट गोलरक्षक, डिफेन्स, मिडफिल्डर, स्ट्राइकर, प्रशिक्षकलाई जनही २५ हजार पुरस्कार दिइनेछ।

# नेपाली राष्ट्रिय टोली युएई प्रस्थान



**काठमाडौं (प्रस)–** आइसिसी विश्वकप क्रिकेट लिग-टू अन्तर्गत यूएईमा हुने त्रिकोणात्मक सिरिजका लागि नेपाली टोली त्यसतर्फ प्रस्थान गरेका छन्। सिरिज खेल्ने १५ सदस्यीय नेपाली टोली शनिबार युएई प्रस्थान गरेका हुन्।

नेपालले दुबईमा घरेलु टोली र पपुवा न्युगिनिसँग खेल्नेछ। नेपालले २७ फेब्रुअरी (फागुन १५) मा पपुवा न्युगिनीसँग खेलेर आफ्नो यूएई भ्रमणको सुरुआत गर्नेछ।

मार्च २ (फागुन १८) मा घरेलु टोलीसँग नेपालको खेल हुनेछ। मार्च ३ (फागुन १९) मा पपुवा न्युगिनीसँग तेस्रो खेल खेल्ने नेपालले यूएई भ्रमणको अन्तिम खेलमा मार्च ६ (फागुन २२) मा घरेलु टोली यूएईसँग खेल्नेछ। नेपाली टोलीमा पूर्व कप्तान सन्दीप लामिछाने छैनन्। श्याम(मौसम) ढकाल र प्रतिश जी.सी पहिलो पटक राष्ट्रिय टोलीमा स्थान बनाएका छन्।

**नेपाली टोली-**

रोहित पौडेल, कुशल भुर्तेल, आसिफ शेख, ज्ञानेन्द्र मल्ल, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, सन्दीप जोरा, सोमपाल कामी, करण केसी, ललित राजवंशी, गुलशन झा, भिम सार्की, आरिफ शेख, प्रतिश जी.सी र श्याम (मौसम) ढकाल

# युक्रेन युद्धको एक वर्ष : विश्व नेताहरूले के भने ?

**पेरिस–** रुसले युक्रेनमा आक्रमण गरेको एक वर्ष पूरा भएको दिन विश्व नेताहरूले शुक्रबार युद्धबारे आ-आफ्ना विचार सार्वजनिक गरेका छन् । चीनले युद्ध अन्त्यका लागि तत्काल शान्ति वार्ताको आह्वान गरेको छ । चीनले रूसलाई हतियार उपलब्ध गराउनेबारे सोचिरहेको पश्चिमा मुलुकहरूको आरोपपछि चीनले संकटको 'राजनीतिक समाधान'का लागि आह्वान गर्दै १२ बुँदे कार्यपत्र जारी गरेको हो ।

अन्तर्राष्ट्रिय समुदायले शान्तिका लागि वार्ताको प्रयास अविलम्ब थाल्नुपर्ने बताउँदै द्वन्द्वरत पक्षलाई जतिसक्दो चाँडो राजनीतिक समाधानको ढोका खोल्न आह्वान गरेको छ । शान्ति वार्ताको पुनः थालनीका लागि चीनले रचनात्मक भूमिका निर्वाह गरिरहने जनाएको छ ।

सम्बद्ध पक्षलाई संयमित हुन आह्वान गर्दै बेइजिङले सबै पक्षलाई तनाव घटाउनेतर्फ लाग्न सुझाएको छ । सबै पक्षले रुस र युक्रेनलाई एउटै दिशामा काम गर्न र यथाशक्य चाँडो वार्ता पुनः सुरु गर्न सघाउनुपर्ने बताएको छ । युद्धविराममा पुग्न त्यो सहयोगी हुने विश्वास बेइजिङले व्यक्त गरेको छ ।

नेटोका प्रमुख जेन्स स्टोलटेनबर्गले सन् २०२२ को फेब्रुअरी २४ मा सुरू भएको आक्रमणको एक वर्षपछि युक्रेनीहरूले रुसविरुद्धको लडाइँमा 'पक्कै पनि विजय हासिल गर्ने' बताएका छन् । 'स्वतन्त्रता सित्तैमा हुँदैन । यसका लागि हामीले हरेक दिन लड्नुपर्छ,' उनले भने, 'आज युक्रेनी जनता आफ्नो स्वतन्त्रताका लागि बहादुरीका साथ लडिरहेका छन् । अनि निराशा र विनासको अँध्यारो वर्षको बाबजुद तिनीहरूको दृढ संकल्प र साहस पक्कै पनि प्रबल हुनेछ ।'

यस सन्दर्भमा युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेयर लेयेनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिन एउटा पनि लक्ष्य हासिल गर्न असफल भएको दाबी गरेकी छन् । 'युद्ध सुरु भएको एक वर्ष बितिसक्दा पनि पुटिनले आफ्नो एउटा पनि रणनीतिक लक्ष्य हासिल गर्न असफल हुनुभएको छ । युक्रेनलाई नक्साबाट मेटाउनुको साटो युक्रेन र सहयोगी राष्ट्रबाट रूसी सेना र राष्ट्रपति पुटिनले कडा प्रतिक्रियाको सामना गरिरहेका छन्,' उनले भनिन् ।



रूसी आक्रमणको पहिलो वार्षिकीको पूर्वसन्ध्यामा बिहीबार लिभभको लिचाकिव कब्रिस्तानमा रूससँगको युद्धमा मारिएका युक्रेनी सैनिकहरूको चिहानमाथि प्रतीकात्मकरूपमा प्रदर्शन गरिएका 'स्मृतिको किरण' । *तस्बिरः एएफपी*

त्यसैगरी जापानका प्रधानमन्त्री फुमियो किशिदाले 'जी-सेभेन'को 'भर्चुअल' बैठकमा रूसलाई सैन्य सहायता नपठाउन आग्रह गर्ने बताएका छन् । उनले भने, 'जी-७ ले यस्तो सहयोग बन्द गर्न आह्वान गर्न चाहेको छ ।' वार्तामा समूहले मस्कोमाथि लगाइएको नयाँ प्रतिबन्धबारे छलफल गर्ने उनले बताए ।

संयुक्त राज्य अमेरिकाले रूसका लागि आर्थिक पीडा बढाउने उद्देश्यले व्यापक प्रतिबन्धहरूको घोषणा गरेको छ । अमेरिकी राष्ट्रपतिको कार्यालय ह्वाइट हाउसले भनेको छ, 'बैंक, खानी र रक्षा उद्योगलगायत क्षेत्रलाई लक्षित गरी लगाइएको नयाँ प्रतिबन्धले युरोप, एसिया र मध्यपूर्वका रुसी र तेस्रो मुलुकका २०० भन्दा बढी व्यक्ति र संस्थालाई प्रभावित पार्नेछ ।'

बेलायतका राजा चार्ल्स तृतीयले युक्रेनमाथि रूसले गरेको आक्रमणको निन्दा गरेका छन् । उनले भने, 'युक्रेनका जनताले आफ्नो राष्ट्रमाथि विनाउक्साहटपूर्ण आक्रमणबाट अकल्पनीय क्षति व्यहोर्नुपरेको एक वर्ष भइसकेको छ । संसार सबै अनावश्यक कष्टहरू देखेर भयभित बनेको छ । रूसी हस्तक्षेपविरूद्ध हामी एक ढिक्का भएर उभिएका छौं ।'

फ्रान्सका राष्ट्रपति इमानुयल म्याक्रौंले युक्रेनलाई फ्रान्सको समर्थन रहेको बताएका छन् । 'फ्रान्सका जनता शान्तिको ऐक्यबद्धताका लागि युक्रेनको पक्षमा उभिएका छन्, उनले भने । बेलायतका प्रधानमन्त्री ऋषि सुनकले शुक्रबारको जी-७ बैठकमा अन्तर्राष्ट्रिय समुदायलाई युक्रेनलाई सहयोग गर्न आग्रह गरेका छन् । उनले जारी द्वन्द्वका बीच युक्रेनलाई जेट उपलब्ध गराउन सक्षम राष्ट्रहरूलाई बेलायतको समर्थन रहेको आशय व्यक्त गरेका छन् । उनले विश्व नेताहरूलाई युक्रेनमा नागरिक पूर्वाधारको रक्षा गर्न र ' फ्रन्ट लाइन डिफेन्स'हरू जोगाउन मद्दत गर्नुपर्ने भन्दै तत्काल रुसविरुद्धको द्वन्द्वमा मद्दत गर्न आग्रह गरेका हुन् । प्रधानमन्त्री सुनकले यसअघि बेलायतको भ्रमणका क्रममा युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग लामो दूरीका हतियार समर्थनको प्रतिबद्धता व्यक्त गरेका थिए ।

त्यसैगरी पोल्याण्डका प्रधानमन्त्री मेटुज मोराविकीले रुसविरुद्ध युक्रेनको रक्षाका लागि थप सहयोगको स्पष्ट र मापन योग्य संकेत दिन किभको भ्रमण गरेको पोल्याण्ड सरकारका प्रवक्ताले बताएका छन् । रूसी हस्तक्षेपविरूद्धको ऐक्यबद्धतास्वरूप पोल्याण्डले आक्रमणपछि भागेका ८० लाखमध्ये १५ लाखभन्दा बढी युक्रेनी शरणार्थीलाई आश्रय दिएको उनले बताए ।

इटालीका प्रधानमन्त्री जियोर्जिया मेलोनीले युरोपेली मूल्य मान्यताको रक्षाका लागि लडिरहेका युक्रेनी नागरिकप्रति स्वतन्त्र विश्व ऋणी रहेको बताएका छन् । 'युक्रेन एक्लो छैन र हुने छैन, किनकि यसले स्वतन्त्रता र लोकतन्त्रको मूल्यहरूको पनि रक्षा गरिरहेको छ जसमा युरोपेली पहिचानको जन्म भएको थियो । स्वतन्त्र विश्व युक्रेनी महिला र पुरुषप्रति ऋणी छ,' उनले भने ।

रूसले भने युद्धको औचित्य पुष्टि भएको र आफ्नो अभियानले सार्थकता पाएको बताएको छ । रूसका पूर्वराष्ट्रपति दिमित्री मेद्भेदेभले हाल युक्रेनमा मस्कोको 'विशेष सैन्य अभियान' मात्र चलेको बताउँदै आवश्यक परेको खण्डमा रूस पोल्याण्डको सीमासम्म लड्न तयार रहेको बताएका छन् । उनले भने, 'विजय हासिल हुनेछ ।'

मेद्भेदेभले भने, 'सकेसम्म हाम्रो देशविरुद्ध खतराहरूको सीमाहरू पछाडि धकेल्न पोल्याण्डको सीमामा नै पुग्नु किन नपरोस् विशेष सैन्य अपरेसनका सबै लक्ष्यहरूमा पुग्न धेरै महत्त्वपूर्ण छ ।' *रासस/एएफपी*

## 'रूसलाई परास्त गरेरै छाड्छौं'



**किभ–** युक्रेनका राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले यो वर्ष रुसलाई परास्त गरेरै छाड्ने प्रतिबद्धता व्यक्त गरेका छन् । विदेशबाट जर्मनीमा निर्मित टचांक र हातहतियार प्राप्त गरेपछि उनले रुसलाई पराजित गर्ने प्रतिबद्धता दोहोऱ्याएका हुन् ।

दोस्रो विश्वयुद्धपछि युरोपमा भीषण युद्ध सुरु भएको वार्षिकीका सन्दर्भमा युरोपेली मुलुकका राजधानीमा रुसी आक्रमणविरुद्ध विरोध प्रदर्शन भएका छन् भने पश्चिमा राष्ट्रले रुसी ब्यांक, सैन्य क्षेत्रलगायत आर्थिक उपार्जनका केन्द्रलाई क्षीण तुल्याउन अझ कठोर प्रतिबन्ध लगाउने अभिव्यक्ति दिइरहेका बेला उत्साहित युक्रेनी राष्ट्रपतिले रुसलाई परास्त गर्ने प्रण गरेका हुन् ।

सातवटा औद्योगिक राष्ट्रको समूहले पनि रुसमाथि गम्भीर नाकाबन्दी लगाउने चेतावनी दिएको छ । पोल्याण्डका प्रधानमन्त्री माटेउज माराविकीले फुत्रेनलाई थप सैन्य सहायता उपलब्ध गराउने बताएका छन् । युक्रेनी विमान चालकहरूलाई लडाकू विमान उडाउने तालिम दिने प्रस्ताव पनि उनले अघि सारेका छन् ।

रुसका पूर्वराष्ट्रपति दिमित्री मेदवेदेवले पोल्याण्डको सिमानाबाट आफ्नो भूमिमा हुने आक्रमणको जवाफ दिन रुस तयार रहेको बताएका छन् । चीनले युक्रेन युद्धका सम्बन्धमा जारी गरेको १२ बुँदे अवधारणापछि राष्ट्रपति जेलेन्स्कीले चिनियाँ राष्ट्रपति सी चिनफिङलाई भेट्ने योजनामा आफू रहेको बताएका छन् । चीनले शान्ति वार्ताको थालनी तथा क्षेत्रीय सार्वभौमसत्ताको सम्मान गर्न युद्धरत पक्षलाई आह्वान गरेको छ । *रासस/एएफपी*

# चिनियाँ सुरक्षा क्यामरा हटाउँदै अस्ट्रेलिया



**क्यानबेरा–** चीनमा निर्मित सुरक्षा क्यामराबाट हुनसक्ने सम्भावित सुरक्षा खतराका बीच अस्ट्रेलियाले ती क्यामरा हटाउने निर्णय गरेको अस्ट्रेलियाली प्रकाशन 'द एज'ले जनाएको छ ।

भिक्टोरिया प्रहरीले विदेशी गुप्तचर सूचना संकलनलाई रोक्नका लागि अर्को वर्षको अन्त्यसम्ममा चीनमा निर्मित सबै क्यामरा प्रतिस्थापन गर्ने पुष्टि गरेको छ । द एजले मंगलबारको समाचारमा लेखेको छ, 'ग्रेटर जिलोङ सहरले चिनियाँ निर्मित सिसिटिभी क्यामराहरू प्रतिस्थापन गर्दै छ, किनकि यस्ता उपकरणहरूको निर्माताहरूले सोधेमा बेइजिङलाई तथ्यांक हस्तान्तरण गर्न बाध्य छन् ।'

द एजका अनुसार प्रहरीले अझै पनि राज्यभरि धेरै क्यामराहरू सञ्चालन भइरहेको र कम जोखिमको रूपमा विचार गरिएको भएता पनि क्रमिकरूपमा प्रतिस्थापन गरिने बताएको छ । भिक्टोरियन लिबरल सिनेटर जेम्स प्याटर्सनले सिनेटको अनुमानमार्फत संघीयस्तरमा यस मुद्दालाई अगाडि बढाइरहेका छन् । उनले भिक्टोरिया प्रहरीले २०२४ को अन्त्य अघि सबै चिनियाँ निर्मित क्यामराहरू प्रतिस्थापन गर्न चाहेको बताए ।

उनले भने, 'म अझ धेरै तात्कालिकता हेर्न चाहन्छु । यदि यो राष्ट्रिय सुरक्षाको खतरा हो भने, यसलाई सम्बोधन गर्न ढिलाइ गर्नु हुँदैन ।'

यस हप्ताको सुरुमा भिक्टोरियाली प्रशासनले सरकारी स्वामित्वमा रहेका स्थानहरूमा रहेका सबै सुरक्षा क्यामराहरूको अनुगमन गर्ने बताएको थियो । संघीय सरकारले यसअघि नै कमनवेल्थ विभाग र अस्ट्रेलियन वार मेमोरियलजस्ता स्थानबाट चीनमा निर्मित सयौं उपकरण हटाइसकेको द एजले जनाएको छ ।

भिक्टोरिया प्रहरीका प्रवक्ताले चिनियाँ निर्मित क्यामराको विषयमा भइरहेको बहसबारे प्रहरी जानकार रहेको बताएका छन् । उनले भने, 'राज्यभरि चीनमा निर्मित थुप्रै क्यामराहरू प्रयोग भइरहेका छन् र यिनीहरूलाई क्रमिक रूपमा प्रतिस्थापन गरिँदै छ ।' सन् २०२४ को अन्त्यसम्ममा क्यामराहरू प्रतिस्थापन हुने अपेक्षा गरिएको उनले बताए ।

चनियाँ कम्पनी हिक्भिजन र दाहुआले बनाएका उपकरणहरू बेइजिङले ' फेसियल रिकग्निसन टेक्नोलोजी'लाई बढावा दिन र उइगुर अल्पसंख्यकहरूलाई जबरजस्ती र नियन्त्रण गर्न गरेको भनी अमेरिका र सहयोगी राष्ट्रहरूले यसलाई निगरानीको सूचीमा राखेका छन् । स्याडो साइबर सेक्युरिटी मिनिस्टर जेम्स प्याटर्सनले गरेको सर्भिलेन्स इक्विपमेन्टको अडिटमा चिनियाँ कम्पनी हिक्भिजन र दाहुआले निर्माण गरेका ९०० भन्दा बढी उत्पादन सरकारी स्थानमा जडान गरिएको पुष्टि भएको छ ।

अमेरिका र बेलायतले यी उत्पादनहरूलाई सरकारी स्थानहरूमा प्रतिबन्ध लगाइसकेका छन्, अमेरिकी संघीय सञ्चार आयोगले सम्भावित जासुसी र स्पाइवेयरका कारण 'राष्ट्रिय सुरक्षामा अस्वीकार्य जोखिम'को चेतावनी दिएको छ ।

यसैबीच, हिक्भिजनले उक्त कम्पनी राष्ट्रिय सुरक्षाका लागि खतरा भएको भन्ने कुरा सरासर गलत भएको बताएको पनि द एजले उल्लेख गरेको छ । *रासस/एएफपी*

**निक्षेप हक दाबी सम्बन्धी ३५ दिने सूचना (सूचना प्रकाशन मितिः २०७९।११।१४)**

यस बैंकमा खाता रहेको जिल्ला काठमाण्डौ म.न.पा. काठमाण्डौ वडा न. ३०,डिल्लीबजार ठेगाना भई हाल काठमाण्डौ ३०, डिल्लीबजार बस्ने श्री प्रयाग राज शर्माको नाति श्री मणी राज उपाध्यायको छोरा श्री **रमेश राज बस्नेत प्याकुरेल** (ना.प्र.नं. ५९७, मिति २०३०/०४/२३, काठमाण्डौ) को मिति २०७९/१०/१७ गते मृत्यु भएको भनी जिल्ला काठमाण्डौ म.न.पा. काठमाण्डौ वडा नं ३०, डिल्लीबजार ठेगाना भई हाल काठमाण्डौ ३०, डिल्लीबजार बस्ने मृतककी श्रीमती पर्ने श्रीमती **सुमित्रा शर्मा प्याकुरेल** (ना.प्र. नं ६६६२-८८२, मिति २०३५/०४/२३, काठमाण्डौ) ले मृतकको यस बैंकमा रहेको सबै प्रकारको खातामा रहेको रकम पाउन माग गर्नु भएकोले उक्त खाताको रकम माग दाबी गर्ने **सुमित्रा शर्मा प्याकुरेल** बाहेक कोहि कसैको हकदाबी भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस बैंकमा सम्पर्क राख्न हुन सुचित गरिन्छ । अन्यथा उक्त खाताको रकम माग दाबी गर्नेको नाममा भुक्तानी भईजाने छ र पछि कसैको हक दाबी एबं उजुरी समेत नलाग्ने ब्यहोरा अनुरोध छ । रित नपुगी र म्याद नाघी आएको निबेदन उपर कुनै कारबाही नहुने/नगरीने ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कृषि विकास बैंक लि.**
**शाखा कार्यालय पुतलीसडक, काठमाण्डौ**

**Fewa HR Solutions Pvt. Ltd.** श्रम इजाजत नं. १४८५/०७४/०७५
P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनीः DIAMOND FLASH TRADING EST.

पूर्व स्वीकृति मिति २०७९/११/१२ | LT. No. 281706 | चलानी नं. ८०१९७१३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load And Unload Worker | 1 | 0 | 1000 | ३५,२८५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ बर्ष |
| 2 | Office Cleaning Worker | 1 | 0 | 1000 | ३५,२८५ | | | | | | | |
| 3 | Spray Painter | 1 | 0 | 1200 | ४२,३४० | | | | | | | |
| 4 | Steel Fixer | 1 | 0 | 1200 | ४२,३४० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०७९ फागुन २१ गते (5th. March 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**वर्गीकृत विज्ञापन संकलन काउन्टर**

**पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल – बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी– विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्प्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्प्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०२५०० | प्रति तोला – १०२००० | प्रति तोला – १२७५ |



**कायरोमा नेपाली संस्कृति प्रदर्शनी**

इजिप्टको राजधानी कायरोको जमालेकस्थित इल सावे कल्चर ह्विलमा नेपाली दूतावासद्वारा बुधबार र बिहीबार आयोजित पर्यटन प्रवर्द्धनमा नेपालको पर्यटन प्रवर्द्धनका लागि यहाँ स्थापना गरिएको प्रदर्शनी कक्षमा राखिएको नेपाली सामग्री अवलोकन गरिँदै ।

*तस्बिर सौजन्य: कायरोस्थित नेपाली दूतावास*

# ठगी गर्ने सहकारीविरुद्ध उजुरी दिने क्रम बढ्दै

■ कृष्णराज गौतम

**काठमाडौं–** पछिल्लो समय सहकारी विभागमा उजुरी गर्नेको संख्या बढेको पाइएको छ । सहकारीमा आबद्ध सदस्यले संकलन गरेको निक्षेप पाउन नसकेपछि यस क्षेत्रबाट ठगिएको भन्दै न्यायका लागि उजुरी गर्न थालिएको हो ।

विभागमा गत मङ्सिरमा ४३ उजुरी परेकामा पुसमा चार सय ५१ उजुरी परेको अभिलेख छ । एक महिनाको अन्तरालमा चार सय आठ उजुरी थपिएको विभागका उप रजिष्ट्रार खिमानन्द आचार्यले जानकारी दिए । सहकारीमा संगठित सदस्यलाई आर्थिक समस्या पर्दा त्यस स्रोतको जोहो गर्न उनीहरूबाट केही एकाइ रकम संकलन गरी सम्बन्धित पक्षको हित प्रवर्द्धन तथा सामाजिक उत्थान गर्न गरिने एकीकृत प्रयास सहकारीको अवधारणा हो ।

सर्वसाधारणलाई ठगेका यस्ता संस्थालाई कडा कारबाही गरी कानुनी दायरामा ल्याउन जरुरी रहेको अर्थविद् राधेश्याम मालाकारले बताए । यस अवधारणाअनुसार व्यक्ति, परिवार, समाज र समग्र राष्ट्रको आर्थिक गतिविधिलाई चलायमान बनाउन सहयोग पुग्छ । जुन उद्देश्यका लागि सहकारी संस्था खोलिए पनि ती उद्देश्यअनुसार कार्य पूरा नहुँदा तथा नियमनकारी संस्थाबाट आवश्यक प्रभावकारी भूमिका निर्वाह नगर्दा ठगी बढ्दै गएको छ ।

संस्था सञ्चालक तथा पदाधिकारीले सदस्यलाई सुनियोजितरूपमा उच्च प्रतिफल दिने प्रलोभनमा रकम लामो समयावधिसम्म बचत गर्न लगाउने, संकलित निक्षेपलाई कर्जाका रूपमा प्रवाह गर्न नयाँ सदस्य थप गर्ने, अनुत्पादक क्षेत्रमा लगानी गर्नेजस्ता कार्यले यस क्षेत्रमा आएको जोखिमले समस्या बढ्दै गएको छ ।

संस्थाको एउटा उद्देश्य देखाई रकम संकलन गरी उद्देश्यअनुरूपको काममा संकलित रकम खर्च गर्नेतर्फ वा बचतकर्तालाई शर्त कबुलअनुसार प्रतिफल दिने कार्यतर्फ सम्बन्धित सहकारीले अग्रसरता देखाएको पाइँदैन । सहकारीमा सीमित स्रोत र साधन भएका व्यक्तिले स्वेच्छाले रकम बचत गरी आफ्ना हितको विषयमा एकसाथ मिलेर कार्य गर्दछन् ।




समाजमा छरिएर रहेको श्रम, सीप, प्रविधि र पुँजीलाई एकत्रित गरी सदस्यले साझा उद्देश्य प्राप्तिका लागि कार्य गर्दछन् । सदस्यले प्रजातान्त्रिक प्रणालीबाट आयआर्जनका योजना तय गर्ने हुँदा उनीहरूको आर्थिक विकासका लागि एकताबद्ध प्रयास गरी आत्मनिर्भरतातर्फ मार्ग खोज्ने प्रचलन छ । सहकारीका सेयर सदस्य नै मालिक र ग्राहक दुवै हुन् । संस्थाका संस्थापक, सञ्चालक तथा कर्मचारी स्थानीय व्यक्ति नै हुनुपर्ने व्यवस्था छ। सहकारीमा पुँजीको होइन सदस्यको महत्त्व हुन्छ । यो क्षेत्र बलियो सामाजिक आधार भएको समुदायमा केन्द्रित व्यवसाय भएकाले सञ्चालकहरूको संस्थामा लगानी धेरै वा थोरै नभएर एकै किसिमको हुन्छ ।

संस्थाले व्यावसायिक हितका लागि आफ्नो नियम, कार्यविधि र मापदण्ड तयार गरी त्यसको आधारमा कार्यसञ्चालन गरी वित्तीय, सामाजिक विकास तथा वातावरण संरक्षणको दायित्व पनि निर्वाह गर्नुपर्ने हुन्छ । सदस्यबाट मात्र बचत संकलन, ऋण प्रवाह गर्नुपर्नेमा सिद्धान्त, मूल्य र मान्यताभन्दा बाहिर गएर कारोबार गर्दा जोखिम बढेर सदस्य ठगिन बाध्य भएका छन् ।

सहकारिताका माध्यमबाट समाजमा न्यून आयस्रोत भएका सदस्यको जीवनस्तर उकास्न र व्यापारिक एकाधिकार अन्त्य गर्न, सामाजिक विकृतिको अन्त्य गर्न सकेमा यसको मुख्य उद्देश्य पूरा हुने देखिएको बताइन्छ । मुलुकमा सहकारी संस्थाको विकास करिब सात दशक अगाडिबाट सुरुआत भएको पाइन्छ । तत्कालीन समयमा अनौपचारिकरूपमा सञ्चालित वित्तीय कारोबार गुठी, पैँचो, ढुकुटीजस्ता क्षेत्रलाई विकसित गर्ने क्रममा सहकारीको सुरु भएको पाइन्छ ।

विसं २०१३ मा चितवनको शारदा नगरपालिकामा स्थापना गरिएको बखान ऋण सहकारी संस्था नै देशको पहिलो सहकारी संस्थाका रूपमा लिने गरिएको छ । संविधानमा पनि देश विकासका लागि अर्थतन्त्रको एक आधारस्तम्भका रूपमा सहकारीलाई मानिएको छ । अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीति, सार्वजनिक निजी र सहकारी क्षेत्रको सहभागिता तथा स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने भनिएको छ । थोरै-थोरै बचत गरी समूहभित्रकै सदस्यलाई सहुलियत ब्याजदरमा कर्जा प्रदान गरिने सहकारी देशभर करिब ३५ हजार विभिन्न प्रकृतिका सहकारी संस्था दर्ता भएको भए पनि ६५ लाख सदस्य छन् ।

हाल प्रदेश र स्थानीय तहले यस क्षेत्रलाई व्यवस्थित गर्न थालनी गरेकाले पनि विभागमा आएका उजुरी दर्तापछि सम्बन्धित प्रदेश र स्थानीय तहमा समन्वय गर्न पीडितलाई पठाइने गरिएको छ । मुलुकको कुल गार्हस्थ्य उत्पादनमा सहकारी क्षेत्रले पाँच प्रतिशत योगदान दिएको छ । यस क्षेत्रले करिब ७० हजारलाई प्रत्यक्ष रोजगारी दिएको अनुमान छ ।

सहकारीमा जम्मा भएका निक्षेपमध्ये रु पाँच खरब रकम परिचालन भएको छ । कृषि, फलफूल, दूध, स्वास्थ्य, शिक्षा, ऊर्जा, सञ्चार, विद्युत्, यातायातलगायत क्षेत्रमा महत्त्वपूर्ण योगदान भएको अनुमान छ । यसको योगदानको तथ्यांक सार्वजनिक हुन बाँकी छ । सङ्घीयता कार्यान्वयनपछि करिब २९ हजार सहकारी संस्था र व्यवस्थापन प्रणाली स्थानीय तथा प्रदेश तहमा हस्तान्तरण गरिएको छ ।

सहकारी संस्थाबाट महिला सशक्तीकरण, नेतृत्व विकास तथा क्षमता विकास, सामाजिक एकीकरण, उद्यमशीलता प्रवर्द्धन र गरिबी न्यूनीकरणका क्षेत्रमा योगदान भएको छ । विगतमा सहकारी दर्ता गर्न भिन्न परिवारका २५ सदस्य भए पुग्ने व्यवस्था थियो । अहिले काठमाडौंलगायत केही स्थानमा सहकारीको सफ्या धेरै भएकाले दर्ता प्रक्रिया रोकिएको छ । विभागका सूचना अधिकारीका अनुसार कानुनको अभावमा निक्षेप हिनामिना गर्ने केही सहकारीलाई कालोसूचीमा राखिएको छ । *रासस*

## भाखा नाघेको ३० दिनभित्र ऋण तिरेमा पेनाल ब्याज लिन नपाइने

■ प्रभाव संवाददाता

**काठमाडौं–** बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएका ऋणीले ऋणको भाखा नाघेको ३० दिनभित्र साँवा र ब्याज भुक्तानी गरेमा पेनाल ब्याज लिन नपाइने भएको छ। नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाका लागि जारी गरेको 'एकीकृत निर्देशन, २०७९' संशोधन गर्दै यस्तो व्यवस्था कार्यान्वयनमा ल्याएको हो ।

'ऋणीले भुक्तान गर्न'पर्ने कर्जाको साँवा र ब्याजको दायित्व भाखा नाघेको ३० दिनभित्र भुक्तान गरेमा पेनाल ब्याज लिन पाइने छैन । यो व्यवस्था २०८० जेठ मसान्तसम्ममा भुक्तानीको भाखा रहेको साँवा र ब्याजमा मात्र लागू हुनेछ,' राष्ट्र बैंकको निर्देशनमा भनिएको छ । तर, कुनै ऋणीले छुट पाउने अवधिभित्र साँवा र ब्याज भुक्तानी नगरेमा बैंक तथा वित्तीय संस्थाले सम्पूर्ण भाखा नाघेको अवधिको पेनाल ब्याज ऋणीसँग लिन सक्ने छन् ।

राष्ट्र बैंकले कर्जाको पुनःसंरचना र पुनःतालिकीकरणसम्बन्धी व्यवस्थामा पनि संशोधन गरेको छ । साना तथा मझौला उद्योग व्यवसाय सञ्चालनमा सहजीकरण गर्न बैंक तथा वित्तीय संस्थाबाट प्रवाह भएको दुई करोड रूपैयाँसम्मको कर्जालाई विभिन्न सर्त राखेर पुनःसंरचना र पुनःतालिकीकरण गर्न सकिने राष्ट्र बैंकले जनाएको छ ।

'रू दुई करोडसम्मको कर्जालाई सम्बन्धित ऋणीको अनुरोधमा उद्योग, व्यवसायको नगद प्रवाह तथा आम्दानी विश्लेषण गरी एक पटकका लागि ऋणीले बुझाउनुपर्ने ब्याजको १० प्रतिशत रकम असुल उपर गरी कर्जाको पुनःसंरचना तथा पुनःतालिकीकरण गर्न सकिनेछ,' राष्ट्र बैंकले भनेको छ ।

यो सुविधा पाउन यस्तो पुनःतालिकीकरण र पुनःसंरचना २०८० असार मसान्तभित्र गरिसक्नुपर्ने सर्त राष्ट्र बैंकले राखेको छ । त्यस्तै यसरी पुनःतालिकीकरण वा पुनःसंरचना गर्दा २०७९ पुस मसान्तमा सक्रिय वर्गमा वर्गीकरण भएको हुनुपर्नेछ। पुनःतालिकीकरण वा पुनःसंरचना गरिएका कर्जालाई असल वर्गमा वर्गीकरण गरी एक दशमलव तीन प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्न'पर्ने राष्ट्र बैंकले जनाएको छ ।

## आकस्मिक सार्वजनिक बिदामा बैंक खुल्ने

**काठमाडौं (प्रस)–** सरकारले आकस्मिकरूपमा घोषणा गर्ने सार्वजनिक बिदाका दिन पनि अब बैंक तथा वित्तीय संस्था खुल्ने भएका छन् । नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको कार्यालय समयसम्बन्धी व्यवस्थामा संशोधन गरी यस्तो व्यवस्था गरेको हो । सरकारले आकस्मिकरूपमा घोषणा गर्ने सार्वजनिक बिदाका दिन पनि अब बैंक तथा वित्तीय संस्थाले सेवा दिनुपर्ने व्यवस्था राष्ट्र बैंकले ल्याएको छ ।

बैंकले बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको 'एकीकृत निर्देशन, २०७९' संशोधनमा संशोधन गर्दै राष्ट्र बैंकले शुक्रबारबाट यस्तो व्यवस्था कार्यान्वयनमा ल्याएको जनाएको छ । 'नेपाल राष्ट्र बैंकबाट जारी भएको बैंक बिदाको सूचीका अतिरिक्त नेपाल सरकारबाट आकस्मिक बिदा घोषणा भएको दिन नगद कारोबार, चेक क्लियरिङ, रियल टाइम ग्रस सेटलमेन्टलगायतका अत्यावश्यक बैंकिङ सेवा प्रदान गर्न बिहान १० बजेदेखि दिउँसो १:३० बजेम्म बैंक तथा वित्तीय संस्थाका कार्यालय खुला राखी सेवा सुचारु गर्ने व्यवस्था मिलाउनुपर्नेछ,' राष्ट्र बैंकको निर्देशनमा भनिएको छ । यसअघि बैंक तथा वित्तीय संस्थाले राष्ट्र बैंक खुलेको दिनबाहेक अन्य दिन सेवा दिनुपरेमा बैंक तथा वित्तीय संस्था नियमन विभाग र सम्बन्धित सुपरीवेक्षण विभागमा पूर्वजानकारी गराउनुपर्ने व्यवस्था रहेको थियो । तर, अब आकस्मिकरूपमा घोषणा गरिएका सार्वजनिक बिदामा बैंक तथा वित्तीय संस्थाले अनिवार्यरूपमा सेवा दिनुपर्नेछ ।

# कर्पोरेट

## सर्दीमा ग्लोबल आइएमईको एक्सटेन्सन काउन्टर




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले नवलपरासी जिल्लाको विनयी-त्रिवेणी गाउँपालिका वडा नं ४, सर्दीमा बैंकको ६४औं एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याएको छ ।

सेवाग्राहीको बढ्दो चाप र बिस्तारित बैंकिङ सेवाको आवश्कतालाई मध्यनजर गर्दै ग्लोबल आइएमई बैंक दुम्कीबास शाखाको मातहतमा रहनेगरी यो एक्सटेन्सन काउन्टर सञ्चालनमा ल्याइएको हो ।

यस एक्सटेन्सन काउन्टरबाट निक्षेप सङ्कलन गर्ने, नगद भुक्तानी गर्ने, मोबाइल तथा अनलाइन बैंकिङ सेवा दिने, रेमिट्यान्सको सुविधा प्रदान गर्ने लगायत सबै किसिमका साधारण बैंकिङ सेवाहरू उपलब्ध हुनेछन् । ग्लोबल आइएमई बैंक मुलुकका सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो ।

मुलुकको लगभग सबै वित्तीय सूचकांकहरूमा पहिलो बैंकले ३६४ शाखा कार्यालय, ३६३ एटिएम, ३२१ शाखा रहित बैंकिङ सेवा, ६४ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी ११०० भन्दा बढि सेवा केन्द्रबाट ४० लाख भन्दा बढि ग्राहकहरू माझ सेवा प्रदान गरिरहेको छ । त्यसैगरी बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अष्ट्रेलिया, मलेसिया, दक्षिण कोरिया, जापान, साउदी अरेबिया, कतार, युएई, बहराइन, कुवेत, भारत, जोर्डन, हङकङ लगायतका मुलुकबाट रेमिट्यान्स भित्र्याउँदै देशको अर्थ व्यवस्थामा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आइरहेको छ ।

## सामसङ ग्यालेक्सी एस-२३ सिरिजको बिक्री शुभारम्भ

**काठमाडौं (प्रस)–** सामसङले आफ्नो उत्पादनकै सबैभन्दा अब्बल मानिएको ग्यालेक्सी एस२३ स्मार्टफोनहरूलाई यसको प्रि-अर्डरको चापलाई मध्यनजर राख्दै बजारमा उपलब्ध गराएको छ । ग्यालेक्सी एस२३ सिरिजको प्रि-अर्डर आफैमा एक ठूलो सफलता भएको छ । गत वर्ष ग्यालेक्सी एस२२ सिरिजको भन्दा बढी प्रि-अर्डर आएको र त्यसमा पनि ८५ प्रतिशतभन्दा भन्दा बढी अत्यधिक प्रिमियम ग्यालेक्सी एस२३ अल्ट्राको प्रि-अर्डर भएको छ ।

नयाँ २०० एमपि एडप्टिभ पिक्सेल सेन्सर र प्रतिष्ठित एम्बेडेड एस पेन सहितको ग्यालेक्सी एस२३ अल्ट्राद्वारा नेतृत्व गरिएको ग्यालेक्सी एस२३ सिरिज अन्तर्गत ग्यालेक्सी एस२३ प्लस र ग्यालेक्सी एस२३ पनि रहेका छन्, जसले सामसङको अल्टिमेट प्रिमियम फोन




अनुभूतीको नयाँ युगको प्रतिनिधित्व गर्दछ । ग्यालेक्सी एस२३ सिरिजमा एपिक क्यामराहरू जडित छन्, जसले प्रयोगकर्ताहरूलाई उनीहरूको सिर्जनशीलता अभिव्यक्त गर्नका लागि अझ बढी स्वतन्त्रता प्रदान गर्छ । यस्तै यसमा भएको ग्यालेक्सीको निम्ति स्न्यापड्रागन ८ जेन २ मोबाइल प्लेटफम द्वारा विश्वकै सबैभन्दा तीव्र गतिको मोबाइल ग्राफिक्स छ र यसको आकर्षक डिजाइन जो अन्य कुनै सामसङ ग्यालेक्सी स्मार्टफोनको तुलनामा पुन प्रशोधित पदार्थहरूको अत्यधिक प्रयोगका साथ कम्पनीको दिगो प्रतिबद्धतालाई दर्शाउने गरी गरिएको छ ।

## ग्लोबल आइएमई डिवेन्चर बाँडफाँड

**काठमाडौं (प्रस)–** सन्राइज क्यापिटल लिमिटेडको निष्काशन तथा बिक्री प्रबन्धकत्वमा ग्लोबल आइएमई बैंक लिमिटेड, को ५ वर्ष अवधि तथा वार्षिक ११.२५ प्रतिशत ब्याजदर भएको 'ग्लोबल आइएमई डिवेन्चर २०८४/८५' को प्रति शेयर रु.१०००/– अंकित दरको ५० लाख कित्ता डिबेन्चरहरू मध्ये ३० लाख कित्ता डिबेन्चर व्यक्तिगत तवरबाट तथा २० लाख (सामुहिक लगानी कोषलाई छुट्टाइएको १ लाख कित्ता सहित) कित्ता डिबेन्चर सर्वसाधारणहरूको लागि मिति २०७९/१०/२९ देखि २०७९/११/०५ गतेसम्म निष्काशन तथा बिक्री खुल्ला गर्दा प्राप्त हुन आएको आवेदनहरू मिति २०७९/११/१२ गतेका दिन बाँडफाँड गरिएको जानकारी गराइन्छ ।

व्यक्तिगत तवरबाट निष्काशन गरिएको ३० लाख कित्ता डिबेन्चरको लागि जम्मा २३ जना आवेदकहरूबाट ५२,१५,००० कित्ता डिबेन्चरको लागि रितपूर्वक आवेदन प्राप्त भएकोमा रितपूर्वक प्राप्त कित्ता निष्काशन गरिएको भन्दा १.७४ गुण बढी प्राप्त भएको हुँदा आवेदन अनुसार समानुपातिक हिसाबले ३० लाख कित्ता डिबेन्चर बाँडफाँड गरियो ।

## समृद्धि फाइनान्सद्धारा ह्वील चियर वितरण

**काठमाडौं (प्रस)–** समृद्धि फाइनान्सले फाल्गुण १२ गते संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत ह्वील चियर वितरण कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रम रोटरी क्लब अफ महाबौद्ध र राष्ट्रिय अपांग कोषको सहकार्यमा गरिएको थियो । कार्यक्रममा फाइनान्सको तर्फबाट सञ्चालक विनोद कुमार सुवेदी र प्रमुख सञ्चालन अधिकृत चुडामणी खनालको उपस्थिति रहेको थियो भने रोटरी क्लब अफ महाबौद्धका अध्यक्ष बत्स शाक्यको उपस्थिति रहेको थियो ।

समय समयमा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्यक्रमहरू संचालन गर्दै आएको संस्थाले यहि फाल्गुण महिनामा रक्तदान कार्यक्रम आयोजना गर्न लागेको जानकारी समेत फाइनान्सको प्रमुख सञ्चालन अधिकृतबाट प्राप्त भयो ।

नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको समृद्धि




फाइनान्स कम्पनी लिमिटेडले हाल आठ वटा शाखाहरू मार्फत आधुनिक बैंकिङ सेवा प्रदान आएको छ भने आर.टि.जि.एस, आइपिएस, कनेक्ट आइपिएस, रेमिटान्स, क्लियरिंग लगायतका बैंकिङ र मोबाइल बैंकिङ, डेबीट कार्ड, क्यू.आर कोड जस्ता डिजिटल सुविधाहरू समेत प्रदान गरिरहेको छ ।

## हिमालयन र सिभिल बैंकको एकीकृत कारोबार सुरू

**काठमाडौं (प्रस)–** हिमालयन बैंक लिमिटेडले सिभिल बैंक लिमिटेडलाई प्राप्ति गरेपश्चात् 'हिमालयन बैंक लिमिटेड' को नामबाट शुक्रबारदेखि एकीकृत कारोबार सुरु गरेको छ । हिमालयन बैंक लिमिटेडका अध्यक्ष प्रचण्ड बहादुर श्रेष्ठले एक विशेष समारोहका बीच एकीकृत कारोबार शुभारम्भ भएको घोषणा गरे । उनले प्राप्ति हिमालयन बैंक लिमिटेडलाई थप उत्कृष्टताका साथ समृद्धिको बाटोमा सगैं अगाडि बढ्नका लागि



भएको बताए । सिभिल बैंकलाई प्राप्ति गरेपश्चात् बैंकको अधिकृत पूँजी रु २६ अर्ब, चुक्ता तथा जारी पूँजी २१.६५ अर्ब, कूल पूँजी ३४ अर्ब र कूल सम्पत्ति ३३४ अर्ब रहने छ भने बैंकको कूल निक्षेप २७४ अर्ब र कूल कर्जा २५० अर्ब रहने छ। यसैगरी आजबाट बैंकले हर्षोल्लासका साथ नेपाल भरि रहेका १८९ शाखाहरू, २० वटा विस्तारित काउन्टर र २६३ भन्दा बढी एटीएमबाट सेवा दिने जनाइएको छ ।

विशेष समारोहलाई सम्बोधन गर्दै बैंकका अध्यक्ष श्रेष्ठले देशविकासको आर्थिक अवस्था एवं प्राप्ति पछि प्राप्त हुने बजार विस्तारको सम्भावना तथा लगानी योग्य वातावरणलाई ध्यानमा राखेर बैंकको बृहत्तर विकास, दिगोपन र सशक्तताका लागि हिमालयन बैंकले सिभिल बैंकलाई प्राप्ति गरेको बताए ।

त्यसैगरी सिभिल बैंक लिमिटेडका अध्यक्ष प्रदिपजंग पाण्डेले दुई बैंकबीचको एकता आगामी दिनमा थप सबल र सक्षम बनाउनका लागि भएको बताए । समारोहमा हिमालयन बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत अशोकशमशेर राणाले अब हिमालयन बैंक देशकै एउटा उत्कृष्ट, सबल तथा ठूलो संस्था बनेको बताए ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ